# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ८७ | काठमाडौं | शनिबार, ०३ साउन २०८२ | Prabhab National Daily | Saturday, July 19, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं**

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं,

नेपाल सरकार
विज्ञापन बोर्ड


**बजेट कार्यान्वयन गर्न ९५ बुँदे मार्गदर्शन**

## पूर्वाधार निर्माणलाई तीव्रता दिन तीन 'सिफ्ट'मा काम




■ प्रभाव संवाददाता

**काठमाडौं–** पूर्वाधार विकासको काम अब तीन 'सिफ्ट'मा गरिने भएको छ । अर्थ मन्त्रालयले आयोजनाको कामलाई तीव्रता दिन भन्दै तीन सिफ्टमा काम गर्ने व्यवस्था मिलाउन निर्देशन दिएको छ । अर्थले चालु आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयनका लागि बिहीबार जारी गरेको मार्गदर्शनमा यस्तो निर्देशन दिएको हो ।

अर्थले ९५ बुँदे मार्गदर्शन कार्यान्वयनका लागि सबै विषयगत मन्त्रालय, विभाग तथा निकायलाई परिपत्र गरेको छ । मार्गनिर्देशनमा बजेटको अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट, आयोजनाको हस्तान्तरण तथा कार्यान्वयन, रकमान्तर तथा कार्यक्रम संशोधनलगायतका विषयमा के गर्न हुने र के गर्न नहुने भनेर स्पष्ट पारिएको छ । वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमनसम्बन्धी व्यवस्थाका लागि जिम्मेवार भएर काम गर्न पनि मन्त्रालयले परिपत्र गरेको छ ।

चालु आर्थिक वर्षको बजेटमा परेका योजना तथा कार्यक्रमको कार्यान्वयनका लागि यही साउन मसान्तभित्र कार्यविधि तयार पारिसक्न भनिएको छ । त्यस्तै, आयोजनाको प्रभावकारी कार्यान्वयन गरी तोकिएको समयमा नै सम्पन्न गर्न आन्तरिक प्रतिस्पर्धाको आधारमा आयोजना प्रमुख छनोट गर्ने व्यवस्था मिलाउन भनिएको छ ।

कार्यसम्झौतामा तोकिएको न्यूनतम अंक हासिल नगरेको अवस्थामाबाहेक आयोजना अवधिभर आयोजना प्रमुखको सरुवा नगर्ने गरी मापदण्ड तयार गरी कार्यान्वयन गर्न भनिएको छ । आयोजना कार्यान्वयन गर्दा समयमै निर्णय नगरेका कारणले लागत बढ्न गएमा सम्बन्धित पदाधिकारीलाई जवाफदेही बनाउनुपर्ने पनि बजेट कार्यान्वयन मार्गदर्शनमा उल्लेख छ ।

त्यस्तै, सार्वजनिक खरिदसम्बन्धी नमूना बोलपत्र कागजात निर्माण, परिमार्जन र नेपालीकरण गर्न भनिएको छ । 'सबै निकायबाट गरिएको कामको दायित्व भुक्तानी त्रैमासिक अवधि समाप्त भएको अर्को महिनाभित्र अनिवार्यरूपमा फरफारक गर्नुपर्ने छ ।


- वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमनसम्बन्धी व्यवस्थाका लागि जिम्मेवार भएर काम गर्न परिपत्र
- योजना तथा कार्यक्रमको कार्यान्वयनका लागि यही साउन मसान्तभित्र कार्यविधि तयार पारिसक्नुपर्ने
- आन्तरिक प्रतिस्पर्धाको आधारमा आयोजना प्रमुख छनोट गर्ने
- आयोजना अवधिभर आयोजना प्रमुखको सरूवा नगर्ने

क्रमशः पृष्ठ २ मा

# सत्ता समीकरण बदल्ने दौडधुपमा शेखर







- बिहीबार माओवादी अध्यक्ष पुष्पकमल दाहाल भेटेका कांग्रेस नेता शेखर कोइरालाले शुक्रबार पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीसँग गरे भेटवार्ता
- माओवादी केन्द्र, एकीकृत समाजवादी, रास्वपासँग मिलेर वैकल्पिक गठबन्धन बनाउने तयारी रहेको शेखरनिकट नेताहरूको भनाइ
- पछिल्लो समीकरणका लागि शेखरको सूत्रधार बनेका छन् मोरङका कांग्रेस नेता केदार कार्की

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला सत्ता समीकरण फेरबदलको गृहकार्यमा लागेका छन् । कुनै बेला नेकपा माओवादी केन्द्रसँग गठबन्धन गर्नै हुन्न भन्दै नेकपा एमालेसँग समीकरणका लागि सुझाउने उनी अहिले नयाँ समीकरणका लागि दौडधुपमा लागेका हुन् ।

कांग्रेस संस्थापनइतरका नेता डा. कोइरालाले बिहीबारमात्र प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँग भेटेर डेढ घण्टा कुराकानी गरेका थिए । भेटमा शेखरले आफू प्रधानमन्त्री बन्नका लागि तयार रहेको भन्दै सहयोग गरिदिन दाहाललाई आग्रह गरेको उनीनिकट नेताहरू बताउँछन् ।

यद्यपि, कांग्रेसमा अहिले कोइरालाको पक्षमा बहुमत छैन । अर्को विषय उनी संसदीय दलको नेता पनि हैनन् । यही विषयमा दाहालले जिज्ञासा राख्दा कोइरालाले भने प्रतिपक्षी दलको तर्फबाट सरकार ढाल्ने प्रयास थाल्न आग्रह गरेका थिए । 'पहिला यो गठबन्धन सरकार ढाल्ने प्रयास थाल्नुस् । त्यसपछि नयाँ खेलहरू सुरु हुने छ,' डा. कोइरालाको भनाइ उद्धृत गर्दै कांग्रेसका एक नेताले भने । यसपछि कांग्रेसमा संसदीय दलको नेता परिवर्तनको खेल हुने र नयाँ परिदृश्य देखिने उनको दाबी थियो ।

कोइरालाको प्रस्तावमा दाहाल ढुक्क नदेखिएको उनको सचिवालयका एक सदस्यले बताए । लगत्तै डा. कोइरालाले शुक्रबार एमालेको राजनीतिमा 'कमब्याक' भएकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई भेटे । भंगालस्थित भण्डारीनिवासमा करिब एक घण्टा भएको छलफलमा कोइरालाले सुशासनको पक्षमा आफूलाई सघाउन आग्रह गरे । 'भेटमा सरकारको कार्यशैली र सुशासनको बारेमा कुराकानी भयो । डा. शेखरले आफू सुशासनको पक्षमा रहेकोले यसमा सघाउन आग्रह गर्नुभयो,' शेखरका स्वकीय सचिव दिनेशचन्द्र थपलियाले भने ।

जवाफमा भण्डारीले आफू पनि राजनीतिमा आएकोले नैतिक समर्थनका लागि आग्रह गरेकी थिइन् । दुई नेताबीच नयाँ समीकरणको बारेमा पनि छलफल भएको बताइएको छ । यद्यपि, एमालेमा अहिले नै भण्डारीको पक्षमा नेता तथा सांसदहरू पर्याप्त देखिएका छैनन् । जसकारण भण्डारीले पनि दाहाललेझैं नयाँ सरकार गठनबारे कुनै जवाफ नदिएको उनको सचिवालयले जनायो । कोइरालाले वैकल्पिक गठबन्धनका लागि मोरङका कांग्रेस नेता केदार कार्कीलाई खटाइरहेको बताइएको छ । कार्की अघिल्लो वर्ष कांग्रेसबाट विद्रोह गरी एमालेको सहयोगमा मुख्यमन्त्री बनेका थिए । सोही कारण २०८० असोजमा कोशी कांग्रेस संसदीय दलका नेता उद्धव थापाले संसदीय दलको नेताबाट राजीनामा दिएका थिए ।

### विवादित पात्रको साथ खोज्दै कोइराला

यतिबेला डा. कोइरालाले नेकपा एकीकृत समाजवादी र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेताहरूको पनि साथ खोजेका छन् । यो शृंखला उनले बालकृष्ण खाणलाई आफ्नो पक्षमा ल्याउने नीतिबाट सुरु गरेका हुन् ।

क्रमशः पृष्ठ २ मा

### कस्तो छ अंकगणित ?

नेपाली कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइरालाले सत्ता समीकरण फेर्ने गृहकार्य गरेसँगै अंकगणितको प्रश्न उठेको छ । नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले साथ दिएमा शेखरलाई कति सांसद चाहिन्छ त भन्ने हिसाबसमेत राजनीतिक वृत्तमा हुन थालेको छ ।

अहिले माओवादी केन्द्रसँग ३२, रास्वपासँग १९, एकीकृत समाजवादीसँग नौ गरी ६० जना सांसद छन् । सरकार गठनका लागि १३७ सांसद आवश्यक हुन्छ । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपालले साथ दिएमा उक्त पार्टीका पाँच सांसद जोड्दा ६५ पुग्छ । कांग्रेसमा कोइरालासँग उपसभापति धनराज गुरुङ, सहमहामन्त्रीहरू बद्री पाण्डे, जीवन परियारसहित एनपी साउद, वर्तमान खेलकुदमन्त्री तेजुलाल चौधरी, कृषिमन्त्री रामनाथ अधिकारीलगायतका नेताहरू छन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# वैदेशिक रोजगारीमा जाँदा लाग्ने लागत घटाउने योजनामा विभाग

■ प्रभाव संवाददाता




**काठमाडौं–** वैदेशिक रोजगार विभागले रोजगारीमा जाँदा लाग्ने लागत र समय घटाउनतर्फ काम गर्ने जनाएको छ । शुक्रबार विभागमा आयाजित पत्रकार भेटघाटमा विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले रोजगारीमा जाँदा लाग्ने लागत स्पष्ट तोक्ने व्यवस्था गर्न काम गर्ने बताए ।

विभागले आगामी कार्यदिशा सार्वजनिक गर्दै वैदेशिक रोजगारसम्बन्धी कानुनका विभिन्न प्रावधानमा अस्पष्टता रहेकाले यसलाई संशोधन गरी सरल, सहज र समयसापेक्ष बनाउनुपर्नेमा जोड दिइएको जनाएको छ । श्रम स्वीकृतिका तहलाई घटाउँदै लाने र वैदेशिक रोजगारीमा श्रमिकको प्रतिस्पर्धात्मक क्षमतालाई बढाउँदै लग्ने योजना रहेको विभागको भनाइ छ । विभागबाट प्रदान गरिएको श्रम स्वीकृतिको प्रवृत्ति हेर्दा जापान र युरोपेली मुलुकमा युवाहरूको आकर्षण बढी रहेकाले यस्ता नयाँ र आकर्षक श्रम गन्तव्यमा पहुँच र द्विपक्षीय श्रम सम्झौतामा जोड दिइने जानकारी दिइएको छ ।

महानिर्देशक भट्टराईले यसअघि गत जेठमा गरिएको पत्रकार सम्मेलनको प्रतिबद्धता पूरा गर्दै विभागले गत डेढ महिनादेखि दुई मिनेटभन्दा कम समयमा श्रम स्वीकृति प्रदान गर्दै आएको दाबी गरे । त्यस्तै वैदेशिक रोजगारसँग सम्बन्धित सबै उजुरीलाई 'डिजिटल्ली' दर्ता गर्ने उजुरीपछिका क्रियाकलापलाई ट्र्याकिङ गर्न सकिने व्यवस्था गरिएको, म्यानपावरको दर्ता, नवीकरण, शाखा खोल्ने, बन्द गर्नेलगायतका कार्य 'क्यासलेस', 'पेपरलेस' र 'फेसलेस' बनाइएको बताए । मुद्दासँग सम्बन्धित ३६ हजार फाइललाई व्यवस्थित गरिएको पनि उनले बताए ।

कार्यक्रममा भट्टराईले म्यानपावर कम्पनीको अनुगमनलाई नियमित, आकस्मिक र उजुरीका आधारमा गरिने अनुगमनमा विभाजन गरिएको जनाए । 'र्‍याण्डम स्याम्पलिङ' गरेर अनुगमन गर्न थालिएको र मासिक १०० म्यानवापर कम्पनी, ५० वटा ओरियन्टेसन संस्था र ५० वटा आकस्मिक उजुरी गरी प्रत्येक महिना २०० वटा संस्थाको अनुगमन गर्ने योजना उनले अघि सारे । आगामी दिनमा विभागबाट सम्पादित सम्पूर्ण कामलाई डिजिटलाइज्ड गरिने जनाइएको छ ।

क्रमशः पृष्ठ २ मा

### गत आवमा आठ लाख ३९ हजारलाई श्रम स्वीकृति प्रदान

वैदेशिक रोजगार विभागले गत आर्थिक वर्ष २०८१/८२ आठ लाख ३९ हजार २६६ जनालाई वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति प्रदान गरेको जानकारी दिएको छ । जसमा सात लाख ४४ हजार ८११ जना पुरुष र ९४ हजार ४५५ जना महिला छन् । त्यस्तै १२ हजार ६५३ जना जिटुजीमार्फत कोरिया र इजरायल गएका छन् ।

गत आवमा प्रमुख १० गन्तव्य मुलुकमा युएई, साउदी अरब, कतार, कुवेत, मलेसिया, रोमानिया, जापान, कोरिया, क्रोएसिया र बहराइन रहेका छन् । त्यस्तै व्यक्तिगत श्रम स्वीकृति लिएर गएका प्रमुख १० गन्तव्य मुलुकमा युएई, रोमानिया, जापान, कतार, क्रोएसिया, माल्दिभ्स, कुवेत, मरिसस, सर्बिया र माल्टा छन् । गत आवमा नीलकमल ह्युमन रिसोर्स प्रालि,

क्रमशः पृष्ठ २ मा


**लु बाट बच्ने उपायहरु**




जनहितमा जारी सन्देश

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

## सत्ता समीकरण...

भुटानी शरणार्थी प्रकरणमा मुछिएर कैद बसेर तारेखमा छुटेका खाण अहिले सार्वजनिक कार्यक्रमहरूमा देखिन थालेका छन् । हालै उनी मोरङस्थित कोइरालानिवासमा पनि पुगेका थिए । कांग्रेस सभापति शेरबहादुर देउवाले वास्ता नगरेपछि खाण अहिले शेखरको हात खोजिरहेका देखिन्छन् ।

यसैगरी शेखरले साथ खोजेका पूर्वराष्ट्रपति भण्डारी पनि विवादित पात्र हुन् । सामान्यतया राष्ट्रपति भइसकेपछि राजनीतिमा नफर्कने परम्परालाई तोड्दै भण्डारी एमालेमा 'कमब्याक' भएकी हुन् । राजनीतिमा उनको कमब्याकप्रति धेरैले आलोचना गर्न थालेका छन् । एमालेभित्रै पनि पार्टीलाई सल्लाह नगरी राजनीतिमा आएको भन्दै पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले असन्तुष्टि पोखिसकेका छन् । ओलीले भण्डारीलाई पार्टीमा स्थान दिने, नदिनेबारे चाँडै पार्टीले निर्णय गर्ने बताएका छन् ।

कोइरालाले साथ खोजेका अर्का पात्र हुन् एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल । नेपाल हालै ३५ लाख धरौटी तिरेर विशेष अदालतबाट छुटेका हुन् । पतञ्जलि योगपीठको जग्गा हदबन्दीभन्दा बढी किनबेचमा संलग्नताको आरोपमा नेपालविरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मुद्दा दर्ता गरेको थियो । उनी गत असार ११ गते अदालतमा धरौटी बुझाएर छुटेका पात्र हुन् ।

कोइरालाले साथ खोजेका अर्का पात्र हुन्, रास्वपा सभापति रवि लामिछाने । कांग्रेस वृत्तमा 'भाइ कांग्रेस' भनेर चिनिने रास्वपालाई गत निर्वाचनबाटै साथसाथै लानुपर्ने सुझाव कोइरालापक्षले दिन्थे । तर महामन्त्री गगन थापाले साथ दिएनन् । यो बीचमा कांग्रेसले रास्वपालाई साथमा लिएर सरकार परिवर्तनको कोसिस गरिरहेको छ । यसमा कांग्रेस सभापति शेरबहादुर देउवा आफैंले विभिन्न नेताहरूलाई खटाइरहेका छन् । गभर्नर विवादका कारण सत्ता समीकरणको प्रयासमा लागेका देउवा अहिले यो निर्णयबाट ब्याक भइसकेका छन् । कारण- पूर्वराष्ट्रपति भण्डारीको राजनीतिमा पुनरागमन ।

भण्डारीले सक्रिय राजनीति थालेसँगै कम्युनिस्ट एकताको सम्भावना बढ्दै गएको कांग्रेस वृत्तमा चर्चा छ । जसकारण देउवा एमाले अध्यक्ष ओलीलाई साथ दिने लाइनमा उभिएका छन् । त्यही कारण पनि अहिले ओलीले एमाले सचिवालयको बैठक राखेर भण्डारीलाई रोक्ने गरी विधान संशोधनको प्रयास गरेका छन् ।

पनि कतिपय सांसदहरू गगननिकट छन्, जसले कोइरालालाई साथ नदिन सक्छ । संसदीय दलको निर्वाचनयता शेखर-गगनमा मनमुटाव बढेको देखिन्छ ।

माओवादी केन्द्र, एकीकृत समाजवादी, रास्वपा र जसपा नेपालसँग शेखरको २० सांसद जोड्दा ८५ पुग्छ । यसो गर्दा एमालेबाट पूर्वराष्ट्रपति भण्डारीको साथ पाइएमा सरकार बनाउन अझै पनि ५२ सिट अपुग हुन्छ । यसैले पनि नयाँ समीकरण बन्ने सम्भावना नरहेको बताइन्छ । यद्यपि, कोइरालाले भनेझैं कतै सरकार ढाल्ने खेल सुरु भएपछि नयाँ खेल सुरु हुने हो कि ? भन्ने आशंकासमेत गरिएको छ ।

■■■

## पूर्वाधार...

कुनै क्रियाकलापमा निकासा वा रकमान्तरबाट थप भएको रकम पुनः अन्य क्रियाकलापमा सार्न वा रकमान्तर पाइने छैन,' बजेट कार्यान्वयन मार्गदर्शनमा भनिएको छ, 'कुनै पनि पुँजीगततर्फको क्रियाकलापमा रकमान्तर कार्यक्रम संशोधनबाट एक पटक घटाउने निर्णय भएपछि पुनः सोही क्रियाकलापमा थप बजेटका लागि निकासा, रकमान्तर वा कार्यक्रम संशोधन प्रस्ताव गर्न पाइने छैन ।'

निर्माणस्थलको व्यवस्थापन, निर्माणस्थलबाट हटाउनुपर्ने रूख बिरुवालगायतका अन्य स्थायी संरचना हटाउने सुनिश्चितता, जग्गा प्राप्ति र प्रचलित कानुनबमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृतिलगायतका आयोजना पूर्वतयारीका काम पूरा गरेरमात्र खरिद प्रक्रिया अगाडि बढाउनुपर्ने पनि बजेट कार्यान्वयन मार्गदर्शनमा उल्लेख छ ।

खर्चमा मितव्ययिता अपनाउनुपर्ने पनि बजेट कार्यान्वयन मार्गदर्शनमा उल्लेख छ । 'पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामग्री खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्चलगायतका प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता अपनाई खर्च गर्नुपर्ने छ । सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने नीतिबमोजिम सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नु हुने छ,' मार्गदर्शनमा भनिएको छ । सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, अन्तरक्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्नुपर्ने जनाइएको छ ।

मर्मत सुधार गर्दासमेत सञ्चालनमा नआउने सवारीसाधन, फर्निचर, कम्प्युटर, ल्यापटपलगायतका सामग्रीहरू अनिवार्य रूपमा छ महिनाभित्र लिलाम बिक्री गरिसक्न भनिएको छ । अत्यावश्यक अवस्थामामात्रै नयाँ सवारीसाधन खरिद गर्नुपर्ने र त्यस्तो खरिदका लागि अनिवार्यरूपमा अर्थ मन्त्रालयको पूर्वसहमति लिनुपर्ने व्यवस्था गरिएको छ ।

वैदेशिक भ्रमणका लागि पनि अनिवार्यरूपमा अर्थ मन्त्रालयको पूर्वसहमति लिनुपर्ने छ । उच्चस्तरीय कूटनीतिक भ्रमण तथा नेपाल सदस्य रहेको अन्तर्राष्ट्रिय संस्थामा अनिवार्य प्रतिनिधित्व गर्नुपर्ने अवस्थामाबाहेक नेपाल सरकारको स्रोतमा वैदेशिक भ्रमणका लागि अर्थ मन्त्रालयले सहमति नदिने जनाइएको छ। स्वीकृत बजेट र कार्यक्रममा समावेश भएकोबाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्दा पनि अर्थ मन्त्रालयको पूर्वसहमति लिनुपर्ने छ ।

सरकारी कार्यालयले कार्यालय प्रयोजनका लागि सकेसम्म खाली भएका सरकारी भवनलाई प्राथमिकता दिई प्रयोग गर्नुपर्ने छ । सरकारी भवन उपलब्ध हुन नसकेमामात्रै व्यापारिक क्षेत्र र प्रमुख मार्गबाहेकका क्षेत्रमा न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिनुपर्ने छ ।

वार्षिक आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको २१ दिनभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेस गर्ने व्यवस्था मिलाइसक्नुपर्ने बजेट कार्यान्वयन मार्गदर्शनमा उल्लेख छ । त्यस्तै, भुक्तानी प्रणालीलाई सहज र व्यवस्थित बनाई सरकारी कोषको प्रभावकारी उपयोगका लागि मासिक नगद योजना तर्जुमा गरी अर्थ मन्त्रालयमा पठाउनुपर्ने र नगद प्रवाहलाई व्यवस्थित गर्न एक अर्ब रूपैयाँभन्दा बढीको भुक्तानी दिनुपर्ने भएमा सात दिनअगावै अर्थ मन्त्रालयलाई अनिवार्यरूपमा जानकारी गराउनुपर्ने छ ।

विनियोजन ऐन, २०८२ बमोजिम समानीकरण अनुदानबाहेक अन्य अनुदान शीर्षकबाट हस्तान्तरण भई खर्च नभएको रकम स्वतः 'फ्रिज' हुने व्यवस्था रहेकाले आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरिसक्नुपर्ने जनाइएको छ ।

विकास आयोजनाहरूको 'अनलाइन' अनुगमन गरी विनियोजित बजेटअनुरूप खर्च गर्ने व्यवस्था मिलाउनुपर्ने, बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचकसहितको प्रगति विवरण बनाउनुपर्ने, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनेलगायतका विषयहरू पनि बजेट कार्यान्वयन मार्गदर्शनमा राखिएका छन् ।

■■■

## वैदेशिक रोजगारीमा...

'आगामी दिनमा मुद्दासम्बन्धी फाइलको दर्तादेखि अनुसन्धान, अभियोजन, न्याय सम्पादन र फर्स्योटसम्मका सम्पूर्ण कार्यहरू डिजिटल डोफेको मान्यताअनुसार फेम्समै अद्यावधिक गरिने छ,' महानिर्देशक भट्टराईले भने ।

विभागले वैदेशिक रोजगार ऐनका विभिन्न प्रावधानलाई परिमार्जन गरी समयसापेक्ष बनाउने जनाएको छ । वैदेशिक रोजगारीमा जाने श्रमिकको श्रम स्वीकृति गन्तव्य मुलुकले प्रदान गर्ने विषय भएकाले श्रम स्वीकृति प्रदान गरिनेसम्बन्धी व्यवस्थालाई पुनर्विचार गरिने जनाइएको छ । संयुक्त अरब इमिरेट्स (युएई)को जस्तै सबै गन्तव्य मुलुकमा न्यूनतम पारिश्रमिक तोक्ने व्यवस्थाका लागि पहल गर्ने विभागको भनाइ छ । त्यस्तै ऐनको दफा २४ लाई पनि संशोधन गरी रोजगारीमा जने श्रमिकले म्यानपावरको खातामामात्र वास्तविक लागत तिर्नुपर्ने व्यवस्था गर्न सकिने विभागले उल्लेख गरेको छ ।

विभागले व्यक्तिगत श्रम स्वीकृतिको नाममा भइरहेको ठगी नियन्त्रण गर्न युवाहरूको आकर्षण बढिरहेका मुलुकमा द्विपक्षीय सम्झौता गर्दै अगाडि बढ्न नीतिगत संशोधनको तयारीमा रहेको जनाएको छ ।

वैदेशिक रोजगारीमा परेका उजुरीको जाहेरी, अनुसन्धान तथा न्याय सम्पादनको काम स्थानीय स्तरबाटै गराउनका लागि पहल गरिरहेको विभागले जनाएको छ । यस्तो भए करिब ९८ प्रतिशत मुद्दामा सम्बन्धित जिल्लाबाटै न्याय पाउने र बाँकी विभागमा आउने मुद्दालाई विभागको जनशक्तिले प्रभावकारीरूपमा सम्बोधन गर्न सक्ने विभागको भनाइ छ ।

उक्त कार्यक्रममा वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीको स्तरोन्नतिका लागि प्राविधिक अध्ययन गरिसकेको र यही आर्थिक वर्षमा प्रणालीमा सुधार आउने विभागको दाबी छ । त्यसैगरी स्वास्थ्य परीक्षणको विवरण यस प्रणालीमा आबद्ध गर्न डिजिटल प्रणालीको निर्माण प्रारम्भ गरिएको जानकारी दिइएको छ । रोजगारीमा जाँदा प्रदान गरिने अभिमुखीकरणलाई डिजिटल प्रविधिमा आधारित बनाउनेगरी अध्ययन सकिएको विभागको भनाइ छ ।

■■■

## गत आवमा ...

प्याराडाइज इन्टरनेसनल प्रालि, एसओएस म्यानपावर सर्भिसेज, लिंक इन्टर नेसनल सर्भिसेज प्रालि र गल्फ म्यानपावर सर्भिसेज प्रालि सबैभन्दा बढी श्रमिक पठाउने प्रमुख पाँच म्यानपावर कम्पनी बनेका छन् । यस अवधिमा १०० भन्दा कम श्रमिक पठाउने म्यापावरहरू ३२६ वटा रहेका विवरण विभागले सार्वजनिक गरेको छ ।

विभागका अनुसार विगत पाँच वर्षमा ३५ लाख १६ हजार ९६५ जना वैदेशिक रोजगारीमा गएका छन् । जसमा पुरुष ३१ लाख ८१ हजार १९१ जना छन् भने तीन लाख ३५ हजार ७७४ जना महिला छन् । यस अवधिमा युएई, कतार, साउदी अरब, मलेसिया, कुवेत, रोमानिया, जापान, बहराइन, कोरिया र क्रोएसिया प्रमुख १० रोजगार गन्तव्य बनेका छन् । हाल विभागमा एक हजार ७७५ म्यानपावर व्यवसाय दर्ता भएकोमा आव २०८१/८२ मा एक हजार ६९ वटामात्र सक्रिय रहेको विभागले जनाएको छ । त्यस्तै पूर्वप्रस्थान अभिमुखीकरणका लागि दर्ता भएका १४३ संस्थामध्ये १३८ वटा सक्रिय रहेको जनाइएको छ ।

विभागले रोजगारीसँग सम्बन्धित समस्या र गुनासोलाई तत्काल सुन्ने गरेको र राहत सम्बन्धी पुरानो सबै उजुरी फर्स्योट भएको जनाएको छ । विभागले अवलम्बन गरेको पीडितमैत्री नीतिका कारण पीडितहरूको विभागको कार्यशैलीलाई धन्यवाद दिन थालेको विभागको दाबी छ ।

विभागले अभिमुखीकरणप्रदायक संस्थाले 'आइरिस रिकग्निसन सिस्टम' लागू गरेको, अभिमुखीकरणमा देशगत क्लस्टर लागू गरेको, विदेशमा रहेका सेवाग्राहीलाई वैधानिकीकरण श्रम स्वीकृतिको व्यवस्था गरेको, संस्था नवीकरण गर्दा ठेगाना 'ट्र्याक' गर्न 'गुगल प्लस कोड'को व्यवस्था अनिवार्य गरेकोलगायत कार्यसम्पादन गरेको जनाएको छ ।

## कस्तो छ...

अर्जुननरसिंह केसी, हृदयराम थानी, सञ्जय गौतम, सुरेन्द्रराज आचार्य, सुनिल शर्मा, राजेन्द्र बजगाईं, रमा कोइराला पौडेल, प्रतिमा गौतम, मञ्जु खाँण, दिलेन्द्र बडु, डिगबहादुर लिम्बू, चन्द्र भण्डारी पनि कोइरालापक्षका हुन् । यसरी हेर्दा ८८ जना सांसदमा १९ जना उनको पक्षमा देखिन्छ । यसमा


### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/४/३**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान २१३ को २४०१.७८ घनफिट काठ र साल जातको दाउरा १.७५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**चिरुवा सल्लेनी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती - ३, मकवानपुर**

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०४/०३**

यस कम्पनीको मिति २०८२।०२।१९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साबिक कम्पनी Hotel Shankar Pvt.Ltd. (प्रा.लि. नं. ४७०९१) को नामबाट सृजना भएको एवं उक्त नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु/व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने/व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।०३।१२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी Hotel Shanker Pvt.Ltd. कायम गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### श्री बालज्योति मा.वि. वेदकोट न.पा.४ बैतडाको काठ, दाउरा बोल पत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**पहिलो पटक सूचना प्रकाशित मिति : २०८२/०४/०३ गते**

जिल्ला डिभिजन वन कार्यालय कञ्चनपुरको मिति २०८२/०३/३२ गते को च.नं.३१६५ को पत्रानुसार यस विद्यालयको हाताभित्र रहेको तपसिल बमोजिमको काठ, दाउरा लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस विद्यालयबाट इच्छुक व्यक्ति, फर्म वा कम्पनीले बोलपत्र खरिद गरी प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| सि.नं. | जात | ग्रेड | थान | परिमाण क्यु.फि | दाउरा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सिसौं<br>सिसौ | A<br>B | ७५<br>१३९२ | ६५७.६५<br>४१५९.८३ | १५ चट्टा मिश्रित | |
| २. | जामुन<br>जामुन | B<br>C | ३<br>२४ | २१।२९<br>७१।८७ | | |
| ३. | टिटमणी | - | ६ | २३.७८ | | |
| ४. | खयर | - | २१९ | ४५२.५२ | | |
| ५ | सिमाल | - | ६२ | ५९१.६३ | | |

### सार्वजनिक सूचना

**प्रकाशित मिति २०८२/०४/०३**

राष्ट्रिय खेलकुद परिषद्को खेलकुद विकास ऐन, २०७७ र खेलकुद विकास नियमावली, २०७९ बमोजिम नेपाल टेनिस संघको निर्वाचन सम्पन्न गर्नको लागि विशेष साधारण सभाको आह्वान गरिएको छ ।

निम्न मिति, समय र स्थानमा हुन लागेको नेपाल टेनिस सघको विशेष साधारण सभा/निर्वाचनमा नेपाल टेनिस संघ तदर्थ समितिका संयोजक सहित सबै सदस्यहरु र प्रत्येक प्रदेश टेनिस संघबाट ३/३ जना प्रतिनिधिहरुको उपस्थितिका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**
**मिति : २०८२ साल श्रावण १० गते, शनिबार ।**
**समय : विहान ०९:०० बजे ।**
**स्थान : होटेल हिमालय, कुपण्डोल, ललितपुर ।**

**नेपाल टेनिस संघ**
**सातदोबाटो, ललितपुर**

### युएईमा रोजगार

कम्पनी : RESOURCES FOR EMPLOYMENT

पूर्व स्वीकृति मिति : २०८२/04/02 LT. No. 327085 चलानी नं. ६०२४११५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 15 | 0 | 1300 | ४८,७२७ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 50 | 0 | 1100 | ४८,७२७ | | | | | | | |
| 3 | Mason (Nepal) | 20 | 0 | 1300 | ४८,७२७ | | | | | | | |
| 4 | Steel Fixer (Building) | 15 | 0 | 1300 | ४१,२३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १० गते (26th July 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Like International (Pvt) Ltd.**
Balkumari-9, Lalitpur, Kathmandu, Nepal, Tel: +977-1-44181444, Email: Info.likeinternational@gmail.com
श्रम ईजाजत नं. १५८०/०७९/०८०


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शनिबार, ०३ साउन, २०८२

**मेष** प्रेम सम्बन्ध राम्रो रहनेछ ।

**वृष** आर्थिक पक्ष सबल रहनेछ ।

**मिथुन** काम गर्दा सकारात्मक उर्जा प्राप्त हुनेछ ।

**कर्कट** प्रियजनसँग रमाइलो भेटघाट हुनेछ ।

**सिंह** रोकिएका काम सम्पादन हुनेछ ।

**कन्या** मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला ।

**तुला** सोचेको उपलब्धि प्राप्त हुनेछ ।

**वृश्चिक** समाजिक जिम्मेवारी उपलब्ध हुनेछ ।

**धनु** विवादास्पद कामको जिम्मेवारी आउनेछ ।

**मकर** सुखद समाचारले उत्साह जगाउनेछ ।

**कुम्भ** नयाँ कामको अवसर प्राप्त हुनसक्छ ।

**मीन** सानोतिनो समस्याले अल्झाउन सक्छ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०३ साउन , २०८२ (१९ जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३७.२१ | १३७.८१ |
| युरो | १ को | १५९.३१ | १६०.०० |
| पाउन्ड स्टिर्लङ | १ को | १८३.८६ | १८४.६७ |
| स्विस फ्रैन्क | १ को | १७१.०१ | १७१.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.४५ | ८९.८४ |
| क्यानाडियन डलर | १ को | ९९.९५ | १००.३९ |
| सिङ्गापुर डलर | १ को | १०६.७८ | १०७.२५ |
| जापानी येन | १० को | ९.२२ | ९.२६ |
| चिनियाँ युआन | १ को | १९.११ | १९.२० |
| साउदी अरब रियाल | १ को | ३६.५८ | ३६.७४ |
| कतारी रियाल | १ को | ३७.६५ | ३७.८१ |
| थाई भाट | ख १ को | ४.२२ | ४.२३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.३६ | ३७.५२ |
| मलेसियन रिङेट | १ को | ३२.३२ | ३२.४६ |
| दक्षिण कोरियन वन | १०० को | ९.८७ | ९.९१ |
| स्विडिस क्रोनर | १ को | १४.०७ | १४.१३ |
| डेनिस क्रोनर | १ को | २१.३५ | २१.४४ |
| हङकङ डलर | १ को | १७.४८ | १७.५६ |
| कुवेती दिनार | १ को | ४४८.७५ | ४५०.७१ |
| बहराइन दिनार | १ को | ३६३.९५ | ३६५.५४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# ‘सिड’ले दिएका सिफारिस कार्यान्वयनका लागि गम्भीर बन्नुपर्नेमा जोड




**काठमाडौं (प्रस)**– संयुक्त राष्ट्रसंघको महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन महासन्धि ‘सिड’ समितिमा नेपालको सातौं आवधिक प्रतिवेदनमा ‘दलित र अपांगता भएका महिला तथा किशोरी’ बारे प्रदान गरिएका निष्कर्षात्मक टिप्पणीबारे छलफल भएको छ ।

दलित महिला संघ (फेडो) लगायत नागरिक समाजका संघसंस्थाद्वारा शुक्रबार यहाँ आयोजित छलफलमा वक्ताहरूले दलित र अपांगता भएका महिला तथा किशोरीबारे प्रतिवेदनमार्फत राखिएका चासो, त्यसका सवाल र सिफारिस कार्यान्वयनका लागि सबैपक्ष गम्भीर हुनुपर्नेमा जोड दिएका छन् ।

प्रतिनिधिसभा, महिला तथा बालबालिका समितिका सभापति किरणकुमार साहले प्रतिवेदनमा दिइएका सिफारिसबारे समिति बैठकमा दुईपटक छलफल भइसकेको र महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री, सचिवलाई नै बोलाएर सिफारिस कार्यान्वयनका लागि गम्भीर बन्न निर्देशन दिइएको बताए ।

उनले संयुक्त राष्ट्रसंघको महत्त्वपूर्ण समिति सिडले दिएका सिफारिसअनुसार काम भइरहेको भनिए पनि अझै धेरै समस्या रहेकाले सरकार, नागरिक समाजका संस्थालगायत सबैले थप रणनीति बनाएर काम गर्नुपर्ने आवश्यकता बताए ।

‘नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा महिला अधिकारका सम्बन्धमा थुप्रै प्रतिबद्धता जनाएको छ । प्रतिबद्धता कार्यान्वयन गर्नैपर्छ । त्यसअनुसार काम पनि भइरहेका छन्, समितिले पनि गम्भीर चासो राखेर सरोकार भएकाहरूसँग छलफल गरेको छ । कार्यान्वयनको स्थितिबारे अध्ययन गर्न उपसमिति पनि बनाएको छ,’ सभापति साहले भने, ‘अब समितिको प्रतिवेदन आएपछि सबै पक्षसँग छलफल गर्छौं । यसमा काम गरिरहेका नागरिक समाजका संघसंस्थासँग छलफल गरेर समस्याको पहिचान र कार्यान्वयन रणनीति बनाउन सहजीकरण गर्छौं ।’

राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमलाकुमारी पराजुलीले सिडले दिएका सिफारिस कार्यान्वयनका सन्दर्भमा उपलब्धि हासिल भइरहेका उदाहरण दिँदै थप सफलताका लागि तीनै तहका सरकार र सरोकार भएकाबीच सहकार्य आवश्यक रहेको बताइन् । ‘सिफारिस कार्यान्वयन हुँदै छन्, भलै समग्र उपब्धिबारे सरकार र नागरिक समाजका फरक-फरक बुझाइ छन् । अब उपलब्धि र समस्याबारे आमसरोकारवालाबीच साझा बुझाइ बनाएर अगाडि बढौं,’ उनले भनिन्, ‘सरकारले कार्यान्वयन रणनीति र त्यसका लागि समिति पनि बनाएको छ । त्यसले तीनै तहका सरकार, सेवा प्रदायक र सेवाग्राहीसमेतले यस विषययमा थाहा पाउने गरी सचेतना बढाउन लाग्नुपर्छ । आयोगले पनि सबैसँग समन्वय गरी आफ्नो दायित्व निर्वाह गर्ने छ ।’

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले दलित तथा सीमान्तकृत महिलाको अधिकारका सवालमा सिडले महत्त्वपूर्ण सिफारिस गरेकाले तिनको कार्यान्वयन अपरिहार्य रहेको बताए । उनले सरकार र सम्बद्ध निकायले कागजमा परेका प्रतिबद्धता व्यवहारमा लागू गर्नुपर्नेमा उनले जोड दिए । ‘सरकारका कागज हेर्दा नेपाल धेरै अगाडि छ । नागरिक समाजका गुनासा सुन्दा धेरै समस्या छन् भन्ने हुन्छ । यी दुवैमा पूर्ण सत्यता छैन, काम भएका छन्, त्यसमा गति बढाउन आवश्यक छ । आयोगले सम्बद्ध सरोकार भएकाहरूसँग सहकार्य गरी यस विषयमा आफ्नो भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गर्दछु ।’

फेडोकी संस्थापक अध्यक्ष दुर्गा सोवले ‘दलित र अपांगता भएका महिला तथा किशोरीहरू’बारे प्रदान गरिएका निर्ष्कषात्मक टिप्पणी-२०२५ र आगामी कार्यान्वयनको बाटो’ शीर्षकमा कार्यपत्र प्रस्तुत गरेकी थिइन् । त्यसक्रममा उनले सातौं आवधिक प्रतिवेदनमाथि गत फ्रेब्रुअरी ३ देखि २१ मा विभिन्न सुझावसहित निष्कर्ष टिप्पणी दिएका सिफारिसमा नेपाललाई ८२ वटा सिफारिस दिएको बताइन् ।

‘यसपटक सिड समितिमा नेपालका नागरिक समाजकोतर्फबाट २८ वटा सातौं आवधिक प्रतिवेदन पेस गरिएका थिए । यसैको परिणामस्वरूप यसपटक नेपाललाई प्राप्त निष्कर्षात्मक टिप्पणी पूर्णतयाः महिला र त्यसभित्र पनि सीमान्तकृत र बहिष्करणमा पारिएका महिला तथा किशोरीमैत्री बन्न पुगेको छ,’ सोवले भनिन्, ‘अब ती सिफारिसलाई कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने विषयमा सरोकार भएकाहरूले संयुक्त रूपमा पहल गर्न आवश्यक छ । हामी दलित नागरिक समाजका संस्थाहरूका तर्फबाट सरकार, आयोग र सबैसँग सहकार्य गर्न तयार छौं ।’

कार्यक्रममा दलित आयोगकी सदस्य मीना सोव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयकी उपसचिव विष्णुकुमारी भुसाल, राष्ट्रिय महिला आयोगका प्रतिनिधि, फेडोकी अध्यक्ष कला स्वर्णकारलगायत सरोकार भएका निकायका प्रमुख एवं प्रतिनिधिले सिफारिस कार्यान्वयनका लागि सहकार्यको प्रतिबद्धता व्यक्त गरेका थिए ।

# कामपाको छात्रवृत्तिका लागि १६ हजारभन्दा बढी सहभागी हुने

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाले शैक्षिकसत्र २०८२/८३ मा कक्षा ११ र १२ अध्ययन गर्न प्रदान गरिने छात्रवृत्तिका लागि १६ हजारभन्दा बढीले प्रतिस्पर्धा गर्ने भएका छन् । कामपाले संस्थागत विद्यालयमा निर्धारण गरेको छात्रवृत्ति कोटामा

अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि सञ्चालन गरिने प्रवेश परीक्षामा १६ हजार १३७ विद्यार्थी सहभागी हुने भएका हुन् । देशभरका ७७ जिल्लाबाट कूल १७ हजार २२९ आवेदन परेकामा १६ हजार १३७ वद्यार्थी प्रवेश परीक्षाका लागि छनोट भएका महानगरले जानकारी दिएको छ । कामपा शिक्षा विभागकी शिक्षा अधिकृत लक्ष्मी पौडेलका अनुसार पहिचान खुल्ने नागरिकता वा जन्मदर्ता, सार्वजनिक विद्यालयबाट अध्ययन गरेको भए सोको प्रमाण, संस्थागत विद्यालयमा अध्ययन गरेको भए छात्रवृत्तिमा पढेको अथवा कामपामा स्थायी बसोबास भएको प्रमाण संग्लग्न नभएका एक हजार ९२ आवेदन अस्वीकृत भएका छन् ।

शिक्षा विभागका अनुसार छनोट भएका विद्यार्थीमा विज्ञान संकायमा ११ हजार ५९०, व्यवस्थापन संकायमा चार हजार १६४, मानविकी संकायमा ३२, शिक्षा संकायका लागि ९५ र कानुन संकायका लागि २५६ जना समावेश छन् । छनोट भएका विद्यार्थीलाई इमेल र फोनमार्फत सूचना पठाइसकेको कामपाले जनाएको छ ।

छात्रवृत्ति प्रवेश परीक्षा आज (साउन ३ गते) बिहान ८:०० देखि १०:०० बजेसम्म हुने महानगरको भनाइ छ । परीक्षा कक्षा १० को पाठ्यक्रममा आधारित हुने छ । जसमा अनिवार्य गणित, विज्ञान र अंग्रेजी विषयबाट ३०/३० प्रश्न र सामान्य ज्ञानबाट १० प्रश्न गरी कूल १०० बहुवैकल्पिक प्रश्न सोधिने छन् । परीक्षा उत्तीर्ण गर्न न्यूनतम ४० प्रतिशत अंक ल्याउनुपर्ने छ ।

परीक्षाको नतिजा प्रकाशनपश्चात् मेरिट सूचीका आधारमा विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने महानगरले जनाएको छ । यो कार्यक्रमले आर्थिकरूपमा कमजोर तर मेधावी विद्यार्थीहरूलाई कक्षा ११ र १२ मा आफूले रोजेको संस्थागत विद्यालयमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरेको महानगरको भनाइ छ । महानगरले उक्त कार्यक्रममार्फत गुणस्तरीय शिक्षालाई पहुँचयोग्य बनाउन विद्यार्थीको शैक्षिक भविष्यलाई उज्ज्वल बनाउन प्रयास गरिरहेको जनाएको छ ।

# कालीगण्डकीको कटान रोकथाम गर्न तटबन्धन

**म्याग्दी (प्रस)**– कालीगण्डकीको कटान र बाढीको जोखिममा रहेको बेनी नगरपालिका-१ लामगरामा तटबन्ध निर्माण भएको छ । सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यालयले लामगरास्थित सेतोढुंगादेखि रत्नेचौर लिफ्ट खानेपानी योजनाको इनारहुँदै तलतर्फ कालीगण्डकी नदी किनारमा ७० लाख रूपैयाँ बजेटबाट १५० मिटर तटबन्धन गरेको हो ।

उक्त कार्यालयका इञ्जिनियर नरजङ गुरुङका तटबन्धमा प्रयोग भएको ग्याबियन तारजालीलाई खिया लाग्नबाट बचाउनका लागि केही भागमा प्लास्टर गरेर ‘ज्याकेटिङ’ गरिएको छ । तटबन्धन गरिएपछि लामगराका ५० परिवारले सुरक्षित महसुस गरेका छन् । लामगराको बस्ती, सयौं रोपनी खेतीयोग्य जमिन, लामगरा-मिलनचोक झोलुंगे पुल र रत्नेचौर लिफ्ट खानेपानी योजनाको टचांकी संरक्षण गरेको उपभोक्ता समितिका अध्यक्ष कमल थापाले बताए । यो बस्ती सागसब्जीको पकेट क्षेत्र हो ।


**मोटरसाइकल हराएको सूचना**

मिति २०८२।०२।२० गते काठमाडौं, गोंगबुको रोबोट होटलमा पार्किङ गरिराखेको कालो/रातो रङ्को Pulsar 150 cc मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**कम्पनीको नाम : हुलास अटो क्राफ्ट प्रा.लि.**
**ऋणीको नाम : यमलाल घिमिरे**
**बाइक नं.: बागमती.प्रदेश.०२ ०५३ प १५६७**
**च्यासिस नं.: MD2A11CX3RPD58324**
**इन्जिन नं. : DHXPRD765189**
**ठेगाना: कलंकी, काठमाडौं**
**सम्पर्क: ९८६९३२३०१०**

**तु-आवश्यकता**

**यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

1. Office Secretary - (2 Female & 1 Male) ★ तलब: ३५,000 देखि ६0,000 सम्म
2. Recruitment Head - (1 Female & 1 Male) ★ तलब: ३५,000 देखि ६५,000 सम्म

नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा कम्तिमा २ वर्ष अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।**

TESLA OVERSEAS PVT.LTD.
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965, Email: info@teslaoverseas.com.np, md@teslaoverseas.com.np, Web: www.teslaoverseas.com.np


# भरतपुर महानगरले खर्च र आम्दानी दुवै बढायो

**चितवन**– भरतपुर महानगरपालिकाले अघिल्लो वर्षको तुलनामा खर्च र आम्दानी दुवै बढाएको छ । पुँजीगत खर्च र राजस्व संकलन दुवै बढेको हो । महानगरपालिकाले गत आवमा एक अर्ब ३६ करोड ६८ लाख ६१ हजार रूपैयाँ राजस्व संकलन गरेको छ । जुन अघिल्लो आवको भन्दा पाँच करोड ७६ लाख ९६ हजार रूपैयाँ बढी हो ।

महानगरपालिकाका राजस्व महाशाखा प्रमुख जगन्नाथ अर्यालका अनुसार लक्ष्यको ८३ प्रतिशत राजस्व संकलन भएको छ । कार्यालयले एक अर्ब ८० करोड रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको थियो । लक्ष्य लिँदा मालपोत कार्यालयबाट ७८ करोड रूपैयाँ राजस्व संकलन हुने अनुमान गरिएकामा ५२ करोड रूपैयाँमात्र संकलन भएको हो । यस्तै ढुंगा, गिट्टी, बालुवाको वातावरणीय प्रभाव मूल्यांकन ढिला हुँदा राजस्वमा केही कमी आएको हो ।

अर्यालले सम्पत्ति कर लक्ष्यभन्दा दोब्बर उठेको बताए । आठ करोड ७८ लाख रूपैयाँ लक्ष्य रहेकामा १५ करोड ८० लाख रूपैयाँ राजस्व संकलन भएको छ । महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले व्यवसाय बन्द भएका कारण ती क्षेत्रको राजस्व घटेको र घर बन्ने क्रम घटेकाले नक्सापास कम भएको बताए । सिफारिस र दस्तुर शुल्क किन घट्यो खोजी भइरहेको उनले बताए । सम्पत्ति करको दायरामा महानगरवासी आएकाले लक्ष्यको दोब्बर बढेको उनी बताउँछन् ।

त्यसैगरी, खर्च अघिल्लो आवको तुलनामा करिब १२ प्रतिशत बढाउन सकिएको उनले बताए । पुँजीगत खर्च एक अर्ब ६८ करोड १५ लाख २३ हजार रूपैयाँ भएको छ । यो लक्ष्यको ६१.७१ प्रतिशत हो । अघिल्लो आवमा ५०.४३ प्रतिशतमात्र पुँजीगत खर्च भएको थियो । त्यस वर्ष एक अर्ब ८६ करोड ७७ लाख ४७ हजार रूपैयाँ खर्च भएको थियो ।

पौडेलका अनुसार संघ र प्रदेशबाट प्रशासनिक भवन र रंगशालालाई प्राप्त बजेटलाई पुँजीगत खर्चमा समावेश गरिएको छैन । यसलाई समेत समावेश गर्दा ७० प्रतिशत प्रगति हुन आउने पौडेल बताउँछन् । उनले भने, ‘हामीले गत आवको सुरुआतदेखि नै गरेको निरन्तरको मिहेनतका कारण पुँजीगत खर्च बढेको हो । तर अझै हामी सन्तुष्ट छैनौं ।’

महानगरपालिकाका कार्यवहाक नगरप्रमुख चित्रसेन अधिकारीले समयमा नै प्राविधिकहरूलाई कार्यक्षेत्र बाँटफाँट गरी लागत अनुमान तयार गरेर पेस गर्न निर्देशन दिइएका कारण काम समयमा हुनसकेको बताए । खरिद प्रक्रिया समयमा गर्ने, नगरप्रमुख, आफू र प्रमुख प्रशासकीय अधिकृतले नियमित अनुगमन र आवश्यक निर्देशन दिनेलगायतका कारण पुँजीगत खर्च बढाउन सकिएको बताए । उनले भने, ‘जे गरिएको छ, राम्रो भएको छ, अझै पुगेको छैन ।’

मालपोतको रजिस्ट्रेसनमा कमी आएको, नदीजन्य पदार्थको समयमा बोलकबोलको काम गर्न नसकेको र घरबहाल कर लक्ष्यअनुसार उठाउन नसकेका कारण राजस्व बढेर पनि लक्ष्यमा पुर्‍याउन नसकेको बताए । आर्थिक मन्दीका कारण पनि राजस्वमा कमी आएको उनको भनाइ छ । *रासस*


**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/४/३**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल, असना र खयर जातको गोलिया थान १६० को ११०१.७२ घनफिट काठ र साल जातको दाउरा १.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**मुलखोला सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- १, मकवानपुर**

**साधारणसभा सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८२/०४/०३**

नेपाल अन्तर्राष्ट्रिय तेक्वान्दो महासंघको वार्षिक साधारणसभा तपसील बमोजिम हुने भएकोले सम्पूर्ण केन्द्रीय कार्यसमिति सदस्यहरु, प्रदेश तथा जिल्ला प्रतिनिधिज्यूहरुलाई अनिवार्य उपस्थित हुनका लागि हार्दिक अनुरोध गर्दछ ।

**तपसील :**
**मिति : २०८२ साल साउन २१ गते ।**
**समय : बिहान १०:०० बजे ।**
**स्थान : नेपाली चुलो, लाजिम्पाट, काठमाडौं ।**

**नेपाल अन्तर्राष्ट्रिय तेक्वान्दो महासंघ**

**वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/४/३**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०८०/०८१ मा उत्पादन भई जिल्ला वन पैदावार आपूती समितिलाई छुट्याइएकोमा आपूर्ति समितिबाट फिर्ता भइ घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ४७ को ५६६.४७ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**कृष्णगैरी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- ६, मकवानपुर**

**मादी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**ओखरबोटे, संखुवासभा**
**कोशी प्रदेश**

**आ.व २०८२/०८३ को लागि जडिबुटि, कवाडि र जीवजन्तु कर संकलन सम्बन्धी १५ दिने सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/०४/०२**

मादी नगरपलिका, नगरकार्यपालिकाको निर्णयअनुसार मादी नगरपलिका अन्तर्गत आन्तरीक आय संकलनको लागि आ.व २०८२/०८३ असार मसान्त सम्मका लागि तपशील बमोजिमको आन्तरीक आय अन्तर्गत जडिबुटि, कवाडि र जीवजन्तु कर संकलनको ठेक्का गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संस्थाहरूले तपशिल बमोजिमको सर्त बन्देजको अधिनमा रहि १५(पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी दरभाउ पेश गर्नुहुन सम्बन्धित सबैमा जनकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | बोलपत्रको नाम | बढाबढका लागि न्यूनतम् ठेक्का रकम रू. | बोलपत्र दस्तुर (रू) |
|---|---|---|---|---|
| १. | MM/RAJSWA/ 01/082/083 | जडिबुटि, कवाडि र जीवजन्तु कर संकलन | ५,००,०००।- | १०००।- |

**ठेक्का सम्बन्धी शर्त तथा बन्देजहरू:**

१. दरभाउपत्र साथ निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी र रू. १,०००।- (अक्षेरूपि एक हजार मात्र) यस नगरपालिकाको राजस्व शाखामा बुझाएको नगदी रसिद संलग्न भएको हुनुपर्नेछ शिलबन्दी दरभाउ पत्र फारम रू १०००।- बुझाइ मादी नगरपलिकाको राजश्व शाखा बाट प्राप्त गर्नसकिने छ ।
२. शिलबन्दि दरभाउपत्र साथ जमानत बापत कबोल गरेको अंकको १) प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा हिमालयन बैंक लिमिटेडमा रहेको धरौटी खाता नं. ग ३.१-०६००७६२०८००३४ मा जम्मा गरेको भौचर संलग्न राखी पेश गर्नुपर्ने छ ।
३. शिलबन्दी दरभाउ पत्र सूचना प्रकाशित भएको मितिले १०औं दिन दिनको ठिक १७:०० बजे भित्रमा दरभाउपत्र खरिद गरी सक्नुपर्नेछ । १६औं दिनको १२:०० भित्र दरभाउपत्र फारम पेस गरिसक्नुपर्नेछ । रितपूर्वक पेस भएका दरभाउपत्रहरु सोहि दिनको १४:०० बजे दरभाउपत्र पेसकर्ताहरुको उपस्थितिमा खोलिनेछ । दरभाउपत्र पेसकर्ताहरु उपस्थित नभएपनि दरभाउपत्र खोल्न वाधा परेको मानिने छैन ।
४. दरभाउपत्र कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार नगरकार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।
५. दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिनभित्र सम्बन्धित ठेक्का सम्झौता गरी सक्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा कवोल अङ्क वरावरको रकम नगद वा चेकबाट रकम बुझाउनुपर्नेछ ।
५. दरभाउ पत्र पेस गर्नेले यस न.पा. मा बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर, महशुल, सेवा शुल्क आदि बुझाईसकेको र नगरपालिकालाई कुनै तिर्नु बुझाउनुपर्ने बांकी बक्यौता भएको हुनुहुदैन । त्यस्तो दरभाउपत्र पेस गर्नेको दरभाउपत्र पेस भएको भए बदर हुनेछ ।
६. कर संकलन सम्बन्धमा मादी नगरपालिकाले आर्थिक ऐनमा तोकेबमोजिमको दररेट अनुसार जडिबुटि, कवाडि र जिवजन्तु कर उठाउनुपर्नेछ ।
७. दरभाउपत्र पेस गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय समय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।
११. यस विषयमा विस्तृत कुरा बुझ्नु परेमा यस नगरपालिकाको राजश्व शाखामा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।
१२. यस सूचनामा उल्लेख भएका कुराहरु यसैबमोजिम हुनेछन् । उल्लेख नभएका कुराहरु प्रचलित ऐन, कानूनबमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



# दानव नदीमै बगिरहेको छ
# बुद्धकालीन रोहिणी

✍ रामविकास चौधर/लुम्बिनी

> बेलायती पुरातत्त्वविद् एलेक्जेण्डर कनिङ्घमले 'द एन्सियन्ट जिओग्राफी आफ इण्डिया, द बुद्धिष्ट पिरियड' (पृष्ठ संख्या ४१६)मा लेखेका छन्, 'कपिला र कोलीका बासिन्दाहरूले आफ्नो धानखेतलाई सिँचाइ पुऱ्याउने उद्देश्यले रोहिणी नदीको पानी वितरणको विषयमा विवाद गरेका थिए ।' सिलोनी इतिहासहरूका अनुसार, रोहिणी नदी कपिला र कोली दुवै सहरहरूको बीचबाट बग्दथ्यो, जहाँ कोली सहर बुद्धकी आमा मायादेवीको जन्मस्थल थियो ।
>
> ■■■
>
> त्रिभुवन विश्वविद्यालयका उपप्रध्यापक डा. त्रिभुवन बरइले बुद्धकालीन सामाजिक र राजनीतिक संरचनालाई बुझ्न रोहिणी नदीको अध्ययन अनिवार्य रहेको बताएका छन् । उनका अनुसार शाक्य-कोलीय संघर्षले तत्कालीन गणराज्य व्यवस्थाको सीमा, अधिकार र सम्झौताको आधार देखाउँछ ।
>
> ■■■

विश्वभर शान्तिको मुहानका रूपमा चिनिने बुद्ध जन्मस्थल लुम्बिनी एक श्रद्धा र आस्थाको केन्द्र हो । तर, बुद्ध जीवनसँग गहिरो सम्बन्ध राख्ने नजिकैको 'रोहिणी नदी' अझै पनि इतिहासको ओझेलमा छ ।

बेलायती पुरातत्त्वविद् एलेक्जेण्डर कनिङ्घमले 'द एन्सियन्ट जिओग्राफी आफ इण्डिया, द बुद्धिष्ट पिरियड' (पृष्ठ संख्या ४१६)मा लेखेका छन्, 'कपिला र कोलीका बासिन्दाहरूले आफ्नो धानखेतलाई सिँचाइ पुऱ्याउने उद्देश्यले रोहिणी नदीको पानी वितरणको विषयमा विवाद गरेका थिए ।' सिलोनी इतिहासहरूका अनुसार, रोहिणी नदी कपिला र कोली दुवै सहरहरूको बीचबाट बग्दथ्यो, जहाँ कोली सहर बुद्धकी आमा मायादेवीको जन्मस्थल थियो ।

रोहिणी नदीको व्याख्या गर्दै कनिङ्घमले लेखेका छन्, 'यी सबै विवरणहरूबाट मैले यो निष्कर्ष निकाल्छु कि रोहिणी नदी वर्तमानको कोहाना खोला नै हो, जो नगरको पूर्वमा छ माइल टाढा दक्षिण-पूर्व भएर बग्दछ ।' उनको भनाइअनुसारको दूरीमा दानवबाहेक अन्य खोला छैन । कनिङ्घमले आफ्नो पुस्तकमा कपिला र कोली दुवै सहरहरूको बीचमा सालको रूखहरू भएको लुम्बिनी नामक एक सुन्दर उद्यान थियो, जहाँ दुवै सहरका बासिन्दा मनोरञ्जनका लागि आउने-जाने गर्थे । मायादेवीले त्यहाँ विश्राम गरे, उनले शिशु बुद्धलाई जन्म दिएकी उल्लेख गरेका छन् ।

भारतीय लेखक विजय मिश्रले कपिलवस्तु-लुम्बिनी दिग्दर्शन (१९५४)पेज नं ३१, 'लुम्बिनीको खोज' उपशिर्षकमा लेखेका छन्, 'सिंहली अनुश्रुतीका अनुसार रोहिणी नदी कपिलवस्तु र कोलीय नगरको मध्यबाट बगेको थियो । त्यही कोलीय नगरमा महामाया देवीको जन्म भएको थियो । दुवै नगरका बीच एक राजकीय शालोद्यान थियो, जसलाई लुम्बिनी भनिन्थ्यो । त्यहाँ दुवै नगरका बासिन्दा आउने-जाने गर्नुहुन्थ्यो,' मिश्रले लेखेका छन् । यी उद्धरणहरूका आधारमा कोहान नदीलाई नै रोहिणी भन्न सकिन्छ । जुन नगरबाट छ माइल पूर्वहुँदै पूर्व-दक्षिण दिशामा बगेको छ ।

यही भनाइलाई पुष्टि गर्ने अर्को ऐतिहासिक दस्तावेज हो, 'द ट्रवेल्स अफ फाहियान आर द रेकर्ड अफ बुद्धिष्टिक किङ्डम' । यो किताबको च्याप्टर २२ (पेज ६४ को फूटनोटमा लेखिएको छ, 'रोहिणी नदीको किनारमा लुम्बिनी अवस्थित छ । जसले शाक्य र कोलीबीचको सीमारेखा निर्धारण गर्दथ्यो ।' कोलीयको स्थितिलाई शंकास्पद मान्दै कनिङ्घमले यसलाई रोहिणी नदीबाट तीन माइल पूर्वमा रहेको लेखेका छन् । 'बुकानन्ले रोहिणीलाई 'एउटा राम्रो सानो खोला' भनेर वर्णन गरेका छन्, जसले आफ्ना शाखाहरूमार्फत दक्षिण-पूर्वी भागहरूलाई उर्बर बनाउँछ,' उनको किताबमा उल्लेख छ ।

चौथो शताब्दीका चिनियाँ तीर्थयात्री फाहियानले पनि लुम्बिनीबाट छ माइल पूर्व-दक्षिणतर्फ बग्ने रोहिणी नदीको उल्लेख गरेका छन् । फाहियानले यस नदीलाई 'कोहान' नामले चिनाएका छन्, जुन चौथो शताब्दीको चिनिया उच्चारण 'कोहान,' 'कूआन वा 'क्वाना' सँग मेल खान्छ ।

त्रिभुवन विश्वविद्यालयका उपप्रध्यापक डा. त्रिभुवन बरइले बुद्धकालीन सामाजिक र राजनीतिक संरचनालाई बुझ्न रोहिणी नदीको अध्ययन अनिवार्य रहेको बताएका छन् । उनका अनुसार शाक्य-कोलीय संघर्षले तत्कालीन गणराज्य व्यवस्थाको सीमा, अधिकार र सम्झौताको आधार देखाउँछ । 'रोहिणी एक प्राकृतिक सम्पदामात्र होइन, बौद्धकालीन सभ्यता, प्राचीन कृषि संघर्ष र क्षेत्रीय राजनीतिक सन्तुलनको पनि साक्षी हो,' डा. बरइ भन्छन्, 'बुद्धकालीन रोहिणी नदी शाक्य र कोलीय राज्यको मध्यभागबाट बग्ने नदी हो जहाँ यी दुई राज्यबीच सिँचाइका लागि जल-विवाद भएको थियो ।'

बौद्ध साहित्यहरूमा 'रोहिणी नदी'को अभिलेख विशेषगरी पाली ग्रन्थ (विनयपिटक, महाभग्गा), चिनियाँ यात्री फाहियान र ह्वेन सांगको यात्रा वृत्तान्त, फा-हियनद्वारा लिखित बौद्ध राज्यहरूको अभिलेख, अलेक्जेण्डर कनिङ्घमका पुरातात्त्विक सर्वेक्षणहरू, स्थानीय समाजसेवी तथा वृद्धवृद्धाको मौखिक वृतान्त, रूपन्देहीको भू-नक्सा तथा नदी प्रवाह विश्लेषण रिपोर्टलगायतका किताबहरूमा पाइन्छ ।

बुद्ध जन्मस्थल र बुद्ध वचनको प्रचारप्रसार संसारभर भइरहँदा बुद्धकालीन इतिहाससँग जोडिएको एक महत्त्वपूर्ण नदी ओझेलमा परेको बौद्ध विद्वानहरूको दुखेसो छ । बौद्ध दर्शनमा स्नातक गरेका भोला गुप्ताले भने, 'रोहिणी नदी बुद्धको नेतृत्व कौशलको प्रयोग भएको एक महत्त्वपूर्ण स्थल हो ।' उनका अनुसार बौद्धकालीन सभ्यता, क्षेत्रीय सन्तुलन, जल विवाद र सामाजिक समन्वयको जीवन्त साक्षी रोहिणी नदी शाक्य (बुद्धका पितृकूल) र कोलीय (मातृकूल) राज्यबीचको सिमानामा बग्दथ्यो । उनले भने, 'यसै नदीको पानी बाँडफाँटको विषयमा यी दुई छिमेकी राज्यबीच युद्धको स्थिति उत्पन्न भएको थियो ।'

बुटवलको तिनाउँ नदीको सानो शाखा २०३८ सालको बाढीपछि मात्रै कञ्चन नदीमा मिसिएको स्मरण गर्दै लुम्बिनी बौद्ध विश्वविद्यालयबाट बौद्ध साहित्यमा स्नातकोत्तर गरेका बौद्ध विद्वान मेघनाथ आचार्यले भने, 'त्यसभन्दा अघि कञ्चनको बहाव स्वतन्त्र थियो, जो मर्चवारको दुईमोहान घाटमा तिनाउसँग मिसिन्थ्यो ।' यसले देखाउँछ कि नदीको स्वरूपमा समयानुसार धेरै परिवर्तन भइसकेको छ, तर त्यसको ऐतिहासिक पृष्ठभूमि अझै पहिचानयोग्य छ । 'दुई नगरको सीमा छुट्याउने रोहिणी नदीको इतिहास र यसको साक्षी अब केवल पुस्तकका पानामा सीमित रहनु हुँदैन,' लुम्बिनी बचाउ महाभियानका संयोजक अकरम खाँले भने, 'यसको अस्तित्व र नक्सासमेत प्रमाणित गरी सम्पूर्ण विश्व समाजलाई समन्वय, सहकार्य र जल व्यवस्थापनको नयाँ पाठ सिकाउने एक जीवित उदाहरणको रूपमा व्याख्या गर्नुपर्ने जरुरी छ ।'

बुद्धले रोहिणी नदीको जल विवाद समाधान गर्दा दिएका उपदेशलाई जल स्रोत व्यवस्थापन, द्वन्द्व समाधान, र सह-अस्तित्वको सन्देशका रूपमा प्रयोग गर्न सकिने लुम्बिनी बचाउ महाअभियानकी सहसंयोजक लक्ष्मी थारूको भनाइ छ । उनी भन्छिन्, 'यो केवल जलस्रोतमात्र होइन, समयको साक्षी र सभ्यताको प्रतिविम्ब पनि हो ।' अहिलेको दानव नदी नै बुद्धकालीन रोहिणी नदी भएको लक्ष्मीको दाबी छ । लुम्बिनीका स्थानीय बौद्ध भिक्षु धम्मसिद्धीका अनुसार, शाक्य र कोलीय वंशबीचको रोहिणी जल विवाद बुद्धले कूटनीतिक संयमता र करुणाका साथ समाधान गरेको ऐतिहासिक उदाहरण हो । यसले तत्कालीन जल व्यवस्थापन, अन्तरराज्य सम्बन्ध र मध्यस्थता क्षमताको गहिरो सन्देश दिन्छ ।

हालको भूगोल हेर्दा दानव नदी रूपन्देही जिल्लाको मध्य भाग मर्चवार क्षेत्र हुँदै बगेको छ । यसको उदगमस्थल शिवालिक (चुरे) पर्वत हो । यो नदी गैडहवा गाउँपालिका-४ सूर्यपुरा हुँदै लुम्बिनी- मर्चवार क्षेत्रको मध्यभागबाट भारतको उत्तर प्रदेशस्थित राप्ती नदीमा गएर मिसिएको छ । नदीको बहाव दिशा, पुराना जलमार्ग, मानव बसोबासको फैलावट, पुरातात्त्विक प्रमाणहरू हेर्दा दानव नदीको पश्चिममा शाक्य र पूर्वी तटीय क्षेत्र पुरातन कोलीयहरूको भूमि भएको प्रमाणित हुन्छ ।

कनिङ्घमको सर्वेक्षणका आधारमा पनि बुद्धकालीन रोहिणी नदीको प्रवाह हालको कञ्चन अर्थात् दानव नदीको मार्गसँग धेरै हदसम्म मेल खान्छ । स्थानीयले दानव नदीलाई कतिपय स्थानमा अझै पनि 'कञ्चन,' हरैवा, रोहिणी, तिनाउ र दुईमोहान आदि नामले चिन्ने गर्दछन् । भारत झरेपछि यसै नदीलाई राप्तीको नामले पनि चिनिन्छ । यो भाषिक अपभ्रंशका कारण र समयचक्रको नाम क्रममा परिवर्तन भएको लुम्बिनी सांस्कृतिक नगरपालिकाका संस्थापक नगरप्रमुख मनमोहन चौधरीले बताए । रूपन्देहीको मर्चवार र लुम्बिनी क्षेत्रमा भएका पुरातात्त्विक उत्खनन्हरूले बुद्धकालीन बसोबास, इँटाका भग्नावशेष, जल व्यवस्थापन प्रणाली र खेतीपातीसँग सम्बन्धित प्रमाण प्रशस्त भेटिएका छन् ।

दानव नदी आसपासमा पुराना बस्ती, ऐतिहासिक पोखरी र बौद्धकालीन भग्नावशेषसमेत फेला परेको क्षेत्र नै रोहिणी नदीको ऐतिहासिक सन्दर्भसँग मेल खाने लुम्बिनी प्रदेश सांसद बसिउद्दीन खाँन बताउँछन् । दानव नै बुद्धकालीन रोहिणी नदी भएको उनको दाबी छ । दानव नदीलाई नै ऐतिहासिक रोहिणी नदीका रूपमा प्रमाणित गर्ने विषयमा सरकारी तथा गैरसरकारी तहबाट अनुसन्धान गरिनुपर्ने उनको भनाइ छ । पुरातत्त्व विभाग, जलस्रोत विज्ञहरू र इतिहास विद् हरूको संयुक्त टोली बनाएर यसबारे विस्तृत अध्ययन गरिनुपर्छ । यसैगरी स्थानिय तहमा पनि रोहिणी अर्थात् दानव नदीको संरक्षण, पर्यटन प्रवर्द्धन र ऐतिहासिक महत्त्वको प्रचारप्रसार हुनुपर्छ ।

दानव नदी क्षेत्र वरिपरि भएका उत्खनन र अनुसन्धानहरूले बुद्धकालीन बस्ती, जल निकास प्रणाली, प्राचीन इँटाका अवशेष फेला पारेका छन् । चिनियाँ तीर्थयात्री फाहियान (सन् ४०५ तिर) र हु यान सांग (सन् ६३०) ले लेखेका यात्रा वृत्तान्तले पनि सम्भवतः यही नदीलाई रोहिणीको रूपमा उल्लेख गरेका छन् । पुरातत्त्वका विद्यार्थी चन्द्रप्रकाश पाठक भन्छन्, 'बुद्ध जन्मस्थल लुम्बिनी र मर्चवार क्षेत्रमा दानव नदीले हजारौं बिघा खेती सिँचाइ गर्छ । नदीको उदगमस्थल, बहाव, दिशा, आसपासको भूगोल र नदी छेउका पुराना बस्तीहरू हेर्दा यही नै ऐतिहासिक रोहिणी नदी हुनसक्ने देखिन्छ ।'

भारतीय बौद्ध विद्वान् डाएके नारायण भन्छन्, 'रोहिणी नदी मानव इतिहासमा रेकर्ड गरिएको पहिलो वातावरणीय द्वन्द्वहरूमध्येको एक हो, जसको मध्यस्थता स्वयं बुद्धले गरेको थियो ।' यो नदीलाई शाक्यवंश र कोलीय नगरबीचको भौतिक सीमामात्र होइन, नैतिक र आध्यात्मिक सीमा पनि मानिन्छ । रोहिणी त्यही नदी हो, जहाँ तथागत गौतम बुद्धले दुई वंशबीचको युद्ध रोक्न हस्तक्षेप गरेको थियो । दानव नै बुद्धकालीन रोहिणी नदी हो भने यो विश्व बौद्ध धर्मको इतिहासका लागि ठूलो खोजको विषय हुने इतिहासविद् डा. चूडामणि बराल बताउँछन् ।

सम्मरीमाइ गाउँपालिका अध्यक्ष विनोदकुमार श्रीवास्तव पनि दुई हजार ५०० वर्षअघिको रोहिणीको जल विवाद अहिले आएर खोज अनुसन्धानको विषय बनेको बताउँछन् । उनी भन्छन्, 'यो नदीको शोधखोज र अनुसन्धान भई प्रमाणित गर्न सकियो भने, बुद्धकालीन रोहिणी नदीसँगै लुम्बिनी र मर्चवार क्षेत्रमात्र होइन, नेपाललगायत सम्पूर्ण विश्व बौद्ध धार्मिक मानचित्रमा लुम्बिनीको मूल्य झनै बढ्ने छ ।' लुम्बिनी विकास कोष पुरातत्त्व महाशाखाका प्रमुख हिमाल उप्रेतीका अनुसार, कुनै पनि नदीको पुरानो मार्ग ट्रेस गर्न कठिन छ । यसको स्वरूपमा व्यापक परिवर्तन आइसकेको हुन्छ । तर पुरातत्त्व विभागले बुद्धकालीन रोहिणी नदीका प्रमाण संकलन गरी त्यसको संरक्षण र प्रवर्द्धनमा लाग्न आवश्यक छ । *रासस*



# आहा ! ढोरपाटन

✍ डम्मर बुढामगर/बागलुङ

**ढोरपाटन पुग्ने पर्यटक रंगीचंगी वनफूलसँग पिरती नगाँसी फर्किन्नन् । खासगरी बर्खाको समयमा ढोरपाटन बढी रमणीय देखिन्छ । अझ पाटनभरि फुलेको वनफूलले यहाँको सुन्दरतालाई बढाएको छ । सञ्चारमाध्यम तथा सामाजिक सञ्जालको प्रचारले वनफूलसँग तस्बिर र भिडियो खिच्न आउने पर्यटक बढिरहेका छन् । यो याममा दैनिक २०० भन्दा बढी पर्यटक वनफूलसँग रमाउन ढोरपाटन उपत्यकामा पुग्ने गरेका छन् ।**

यतिबेला ढोरपाटन उपत्यकामा ढकमक्क फुलेका वनफूलले ढाकिएको छ । राता, पहेँला, बैजनी, गुलावी रङमा फुलेका फूलसँगै हरियाली बनेको समथर मैदानले आन्तरिक तथा बाहृय पर्यटकको ध्यान खिचेको छ । एक दशक अगाडिसम्म ढोरपाटन घुम्न पुग्ने पर्यटक निकै कम थिए । जनैपूर्णिमामा ढोरबहार मन्दिरमा पूजा गर्न आउने भक्तजनबाहेक अन्य पर्यटक कमै पुग्थे । दर्शनका लागि पुगेको भक्तजनलाई फाँटैभरी फुलेको वनफूलले छुनै सकेको थिएन ।

तर पछिल्लो समय ढोरपाटन पुग्ने पर्यटक रंगीचंगी वनफूलसँग पिरती नगाँसी फर्किन्नन् । खासगरी बर्खाको समयमा ढोरपाटन बढी रमणीय देखिन्छ । अझ पाटनभरि फुलेको वनफूलले यहाँको सुन्दरतालाई बढाएको छ । सञ्चारमाध्यम तथा सामाजिक सञ्जालको प्रचारले वनफूलसँग तस्बिर र भिडियो खिच्न आउने पर्यटक बढिरहेका छन् । यो याममा दैनिक २०० भन्दा बढी पर्यटक वनफूलसँग रमाउन ढोरपाटन उपत्यकामा पुग्ने गरेका छन् ।

स्थानीयले राके फूलका रूपमा चिन्ने वनफूललाई ढोरपाटन सिकार आरक्षले नाकेफूली, बुकीफूल, मदानेफूललगायतको नाम दिएको छ । फूलसँग रमाउने पर्यटकले ढोरपाटन उपत्यकाका फाँटमा चहलपहल बढेको छ । देशका ठूला सहरबाट बढी पर्यटक रमाउन आउने गरेका छन् । फूलसँग रमाउन आउने पर्यटकको संख्या बढेपछि ढोरपाटन उपत्यकामा सञ्चालित होटल व्यवसायसमेत फस्टाउन थालेका छन् । पहिले ढोरपाटन आउने पर्यटकले खास्सै चासो नदिए पनि हरेक पर्यटकको ध्यान पाटनभरि फुलेको फूलले खिच्ने गरेको होटल व्यवसायी धीरेन्द्र घर्ती मगरले बताए ।

पछिल्लो समय ढोरपाटनमा घुम्न आउने पर्यटकको संख्या अत्यधिक बढेको भन्दै फूलसँग रमाउने बढी भएको उनको भनाइ छ । पहिले खान बस्नका लागि सुविधा नहुँदा पर्यटक कम आउने गरेको स्मरण गर्दै अहिले धेरै होटल तथा घरबास (होम-स्टे) सञ्चालनमा आएपछि ढोरपाटन घुम्नेका लागि पहिलो रोजाइ परेको घर्ती मगर बताउँछन् । वनफूललाई पर्यटकले अत्यधिक रुचाएपछि त्यसको संरक्षणमा ध्यान दिनुपर्ने उनको भनाइ छ ।

उनले भने, 'वनफूलको पहिले खास्सै महत्त्व थिएन, मान्छेहरू मन्दिरमा आएर पूजा गरेर जान्थे तर अहिले पाटन नै घुम्नेगरी आउँछन्, त्यसले गर्दा उनीहरूको रोजाइ वनफूल परेको छ, वनफूलले पछिल्लो समय हजारौं पर्यटकलाई आकर्षित गरेको छ, यसको संरक्षण भने हुन सकेको छैन, स्थानीय, सिकार आरक्ष र सरकारले पनि संरक्षणमा ध्यान दिनुपर्छ, नत्र पछि यो फूल मासिन पनि सक्छ ।'

वनफूल पाटनैभरि फुल्छ । फूलमा घोडा, भेडाबाख्रा र गाईभैँसी खुलेमा चर्ने गर्छन् । वस्तुभाउको गोबरले वनफूल राम्रो हुने गर्छ । पछिल्लो समय पाटनमा जथाभावीरूपमा सवारीसाधान चलाउँदा फूल मासिने जोखिम बढेको ढोरपाटन उपत्यका होटल व्यवसायी समितिका अध्यक्ष जीवन पुनले बताए । अघिल्लो वर्षको तुलनामा यो वर्ष कम फूल फुलेको उनको भनाइ छ ।

पछिल्लो तीन वर्षमा बर्सेनि फूल कम फुलेको पुनले बताए । बर्खाको समयमा ढोरपाटन आउने अधिकांश पर्यटक फूलसँग रमाउने गरेको उनको भनाइ छ । बुर्तिबाङदेखि ढोरपाटनसम्मको करिब ३२ किलोमिटर सडक अप्ठ्यारो हुँदा पनि वनफूलसँग रम्न पर्यटक आउने अध्यक्ष पुनले सुनाए । वनफूल खासगरी असार पहिलो सातादेखि भदौ महिनासम्म पाटनमा रहने उनको भनाइ छ । वनफूल ढोरपाटनमा पर्यटक बढाउने माध्यम बनेको पुन बताउँछन् ।

क्रमशः पृष्ठ ५ मा



**घरेलु हातहतियारको व्यापार**

महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका-१ स्थित हटियामा दैनिक प्रयोगमा आउने घरेलु हातहतियार निर्माण तथा बिक्री गरिँदै ।

*तस्बिरः सञ्जितकुमार मण्डल/रासस*

# एक वर्ष नाघेका मुद्दा शून्यमा झारियो

■ प्रभाव संवाददाता



**नेपालगञ्ज–** उच्च अदालत तुलसीपुर नेपालगञ्जका मुख्य न्यायाधीश चन्द्रबहादुर सारुले एक वर्ष नाघेका मुद्दा शून्यमा झार्न सफल भएको बताएका छन् । कतिपय मुद्दा २० दिनमै फस्र्योट गरिएको जानकारी दिँदै उनले मुद्दा सुनुवाइ प्रक्रियालाई गोलाप्रथाबाट गरिएको बताए ।

गत आर्थिक वर्ष २०८१/८२ मा कूल दुई हजार ६४६ मुद्दा दर्ता भएकामा दुई हजार चार मुद्दा फस्र्योट गरिएको अदालतले जनाएको छ । बाँकी ६४२ मुद्दा बाँकी रहेका छन् । वार्षिक मुद्दा फस्र्योट लक्ष्य एक हजार ६३७ थान रहेकामा कूल दुई हजार चार मुद्दा अर्थात् ३६७ थान मुद्दा बढी फस्र्योट भएको मुख्य न्यायाधीश सारुले जानकारी दिए । 'सीमित स्रोत र साधनको परिचालनबाट गुणस्तरीय र छिटो छरितो न्याय सम्पादन हाम्रो मुख्य लक्ष्य हो,' उनले भने ।

उक्त अदालतले सार्वजनिक गरेको विवरणमा सम्बन्ध विच्छेदका मुद्दा बढ्दै गएको देखिएको छ । घरायसी कलह, खान तथा लगाउन नदिएको, मानसिक तनाव दिएको लगायतका कारण पति वा पत्नीले अदालतसमक्ष सम्बन्ध विच्छेदको मुद्दा दर्ता गर्ने क्रम बढेको उच्च अदालत नेपालगञ्ज इजलासका अधिकृत बलबहादुर विष्टले जानकारी दिए ।

उनले छिटफुटरूपमा पतिले सम्बन्ध विच्छेदका लागि मुद्दा दर्ता गर्ने गरेको उल्लेख गर्दै त्यस्ता कम मुद्दामामात्रै सम्बन्ध विच्छेदको फैसला हुने गरेको बताए । 'श्रीमान् (पुरुष)ले पनि म पीडित भए भनेर मुद्दा दर्ता गर्नुभएको हुन्छ, तर सम्बन्ध विच्छेद कम भएको हुन्छ,' उनले भने । गत आर्थिक वर्षमा सम्बन्ध विच्छेदका ६१ मुद्दा दर्ता भएकामा ५० मुद्दा फस्र्योट भएका छन् भने ११ मुद्दा बाँकी रहेका छन् । अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा सम्बन्ध विच्छेदसम्बन्धी ५९ मुद्दा दर्ता भएकामा ४० मुद्दा फस्र्योट भएको र १९ मुद्दा बाँकी रहेको उच्च अदालतले जनाएको छ । दर्ता भएका सम्बन्ध विच्छेदका मुद्दा बाँके जिल्लाका हुन् ।

यसबाहेक जबर्जस्ती करणी १८८ मुद्दा दर्ता भएकामा १४८ मुद्दा फस्र्योट भएका छन् र त्यसमा ४० मुद्दा बाँकी छन् । लागुऔषधतर्फ १८८ मुद्दा दर्ता भएकामा १५१ फस्र्योट भएका र ३७ मुद्दा बाँकी रहेका छन् । मानव बेचबिखन तथा ओसारपसारका २९ मुद्दा दर्ता भएकामा २८ फस्र्योट भएको छ भने एक मुद्दा बाँकी रहेको छ । ज्यानसम्बन्धी कसुरका १९२ मुद्दामा १५५ फस्र्योट भएका छन् भने ३७ बाँकी रहेका छन् । अन्यतर्फ एक हजार ४७८ मुद्दा दर्ता भएकामा एक हजार ६३ मुद्दा दर्ता भएका छन् । रिट र निषेधाज्ञाका ५१० मुद्दा दर्ता भएकामा ४०९ फस्र्योट भएको र १०१ बाँकी रहेका छन् ।

# 'मुक्तकमैयाका समस्या समाधान गर्न तीनै तहका सरकार लाग्नुपर्छ'

■ प्रभाव संवाददाता



**अत्तरिया (कैलाली)–** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले मुक्तकमैयाका समस्या समाधान गर्न तीनै तहका सरकार एकजुट भएर अगाडि बढ्नुपर्ने बताएका छन् । मुक्तकमैया महिला विकास मञ्चले शुक्रबार धनगढीमा आयोजना गरेको २५औं कमैया मुक्ति दिवस कार्यक्रममा मुख्यमन्त्री शाहले यस्तो बताएका हुन् ।

'मुक्तिको घोषणा भए पनि मुक्तकमैयाका थुप्रै समस्या छन् । यसको समाधानका लागि संघ, प्रदेश र स्थानीय सरकार एकजुट भएर अगाडि बढ्न जरुरी छ,' उनले भने ।

प्रदेश सरकारले बनाएको मुक्तकमैया, हलिया र कम्लरी पुनर्स्थापना कार्यविधि पूर्णरूपमा कार्यान्वयन गर्न प्रतिबद्ध रहेको मुख्यमन्त्री शाहको भनाइ थियो । उनले कार्यविधि कार्यान्वयनको पाटो निरन्तर अगाडि बढेको उल्लेख गर्दै कार्यविधि कार्यान्वयन गर्ने सन्दर्भमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । मुक्तकमैया, हलिया र कम्लरीको शिक्षा, स्वास्थ्य, रोजगारका लागि प्रदेश सरकारले सहयोग गर्ने उनले बताए । थारू, रानाथारू समुदायका विभिन्न संस्कृति, संस्कार, रीतिरिवाज जगेर्ना गर्न प्रदेश सरकार तत्पर रहेको उनको भनाइ थियो ।

तत्कालीन सरकारले २०५७ साउन २ गते बँधुवा मजदुरका रूपमा जमिनदारको घरमा काम गर्दै आएका कमैयालाई मुक्त भएको घोषणा गरेको थियो । कमैयामुक्ति घोषणाको लामो समय हुँदा पनि अझै केही मुक्तकमैयाको पुनर्स्थापना हुन सकेको छैन । सुदूरपश्चिम र लुम्बिनी प्रदेशका गरी अझै दुई हजार ३७५ मुक्तकमैयाको पुनर्स्थापना हुन नसकेको मुक्तकमैया महिला विकास मञ्चका कार्यक्रम संयोजक इन्द्र चौधरीले जानकारी दिए । उनका अनुसार सुदूरपश्चिम र लुम्बिनी प्रदेशमा २५ हजार १९५ मुक्तकमैयाको मात्रै पुनर्स्थापना भएको छ ।

# वीरगञ्जमा निःशुल्क धारा जडान र धरौटी शुल्कमा छुट

**वीरगञ्ज (पर्सा)–** खानेपानी मन्त्रालयअन्तर्गतको नेपाल खानेपानी संस्थान र वीरगञ्ज महानगरपालिकाबीच वीरगञ्जमा खानेपानी सेवा विस्तारका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

खानेपानीमन्त्री प्रदीप यादवको उपस्थितिमा नेपाल खानेपानी संस्थानका महाप्रबन्धक अर्जुनबाबु ढकाल तथा वीरगञ्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले उक्त समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् । उक्त समझदारीअनुसार अबदेखि नयाँ उपभोक्तालाई धारा जडान प्रक्रिया सहज, सरल र प्रभावकारी बनाइने तथा सेवा लिने नागरिकलाई निःशुल्क धारा जडान गरी नयाँ जडानका लागि लाग्ने धरौटी शुल्कमा छुट प्रदान गरिने व्यवस्था गरिएको मन्त्री यादवले जानकारी दिए ।

'संस्थानको वीरगञ्ज शाखामा आवश्यक जनशक्ति अभिवृद्धि गरिने छ, जसबाट त्यहाँको खानेपानी समस्या समाधान गर्न सहयोग पुग्ने छ,' उनले भने । उक्त समझदारीपत्र हस्ताक्षरले वीरगञ्जवासीको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने विश्वास लिइएको मन्त्री यादवले बताए ।

वीरगञ्ज महानगरपालिकासहित तराई-मधेसका जिल्लामा दिनप्रतिदिन विकराल बन्दै गएको खानेपानी समस्याको तत्काल तथा दीर्घकालीन समाधानका लागि मन्त्रालय, विभाग तथा खानेपानी संस्थानबाट प्रयास गरिएको छ । समझदारीपत्रमा हस्ताक्षर कार्यक्रममा वीरञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंह, खानेपानी मन्त्रालयकी सचिव प्रमिलादेवी शाक्य बज्राचार्य, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक रामकुमार श्रेष्ठ, संघीय खानेपानी तथा ढल व्यवस्थापन पर्सा प्रमुख विपुल दास, नेपाल खानेपानी संस्थान पर्सा प्रमुख प्रवीन साह, नेपाल खानेपानी संस्थान बारा प्रमुख सञ्जीव यादवलगायतको सहभागिता रहेको थियो । *रासस*

# दिक्तेलमा कोशी प्रदेशको पूर्वाधार विकास कार्यालय




**खोटाङ–** दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१ दिक्तेल बजारस्थित हाटडाँडामा पूर्वाधार विकास कार्यालय स्थापना गरिएको छ । कोशी प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठकले कोशी प्रदेशभित्र पर्ने १४ वटै जिल्लामा पूर्वाधार विकास कार्यालय स्थापना गर्ने निर्णय गरेअनुसार बिहीबार खोटाङको दिक्तेल बजारमा पूर्वाधार विकास कार्यालय स्थापना गरिएको हो ।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारस्थित हाटडाँडामा कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार मन्त्रालय पूर्वाधार विकास निर्देशनालयको मातहतमा रहनेगरी पूर्वाधार विकास कार्यालय स्थापना भएसँगै अब खोटाङवासीले योजनाको फाइल बोकेर उदयपुर, ओखलढुंगा, विराटनगरलगायत जिल्ला धाउनुपर्ने बाध्यता हटेको छ । भाडाको घरमा स्थापना गरिएको कार्यालय कोशी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास एवं स्वास्थ्यमन्त्री भूपेन्द्र राईले औपचारिकरूपमा उद्घाटन गरे ।

उक्त अवसरमा भौतिक पूर्वाधार एवं स्वास्थ्यमन्त्री राईले विकास निर्माणका कामलाई छिटो र गुणस्तरीय बनाउन कोशी प्रदेशमा पर्ने १४ वटै जिल्लामा पूर्वाधार विकास कार्यालय स्थापना गर्ने निर्णय गरिएको बताए । 'पूर्वाधार विकास कार्यालय नहुँदा जिल्लामा परेका योजनाका फाइल बोकेर उदयपुर, ओखलढुंगा, विराटनगरलगायत जिल्ला धाउनुपर्ने बाध्यता थियो । अब १४ वटै जिल्लामा योजना सम्झौतादेखि फरफारकसम्मका सबै काम हुन्छ,' उनले भने, 'जिल्ला-जिल्लामा पूर्वाधार विकास कार्यालय स्थापना भएसँगै निर्माण व्यवसायीलाई सहज हुनुका साथै विकासे योजनाका काम छिटो, गुणस्तरीय र जनमुखी हुने अपेक्षा गरिएको छ । यो संघीयताको उपलब्धि पनि हो ।'

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख सनबहादुर राई, जिल्लास्थित स्थानीय तहका प्रमुख तथा प्रतिनिधि, प्रमुख जिल्ला अधिकारी नरहरि घिमिरे, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि, सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधि, निर्माण व्यवसायीलगायतको उपस्थिति थियो ।

मन्त्रालयबाट १३ जना कर्मचारीको दरबन्दी कायम गरेर स्थापना गरिएको पूर्वाधार विकास कार्यालयमा कार्यालय प्रमुखसहित तीन जना कर्मचारी हाजिर भएका छन् । बाँकी १० जना कर्मचारीसमेत केही दिनभित्रै उपलब्ध गराएर कार्यालय सञ्चालन गर्ने तयारी गरिएको मन्त्रालयका सचिव साहले जानकारी दिए ।

कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार मन्त्रालयबाट यस आर्थिक वर्ष खोटाङमा १५१ वटा योजनाका लागि बजेट विनियोजन भएको मन्त्री राईको सचिवालयका कर्मचारी सन्तोष राईले जानकारी दिए । उनका अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयबाट कार्यान्वयन हुने एकवर्षे र बहुवर्षे योजना गरी यो वर्ष खोटाङमा एक अर्ब दुई करोड ५८ लाख २८ हजार रूपैयाँ बजेट आएको जनाइएको छ । *रासस*

पृष्ठ ४ बाट क्रमशः

'वनफूलसँग रमाउन मान्छेको घुइँचो नै लाखेको देख्दा हामीहरू निकै चकित छौं, किनकि यहाँ त धेरै वर्ष पहिलेदेखि बस्दै आएका छौं, पहिले कोही पनि मान्छे फाँटमा पुगेर फुल टिप्ने गर्दैनथे, तर अहिले ढोरपाटन आउने हरेक मान्छेले फाँटको बीचमै गएर फूल टिपेर फोटो खिच्छन्,' उनले भने, 'फूलसँग रमाउन आउने पर्यटकका कारण ढोरपाटनको होटल व्यवसाय पनि चलायमान बनेको छ ।'

ढोरपाटन आउने पर्यटकमध्ये दैनिक करिब ५० जना बुकीपाटनसमेत उक्लिने गरेका छन् । ढोरपाटन उपत्यकादेखि बुकीपाटन पुग्नका लागि करिब पाँच घण्टाको पैदलयात्रा गर्नुपर्छ । यतिबेला समूहमा वनफूलसँग रमाउने आउने बढी छन् । बुटवलदेखि आएका आकाश गिरीले वनफूल र ढोरपाटनको सुन्दरताले मन फुरुंग भएको बताए ।

बुटवलमा अत्यधिक गर्मी रहेको हुँदा एक साताका लागि ढोरपाटन आएको उनको भनाइ छ । सामाजिक सञ्जालमा ढोरपाटन र वनफूलको भिडियो देखिपछि आफूहरू यहाँ आएको गिरीले सुनाए । 'आहा ! ढोरपाटन कत्ति सुन्दर रहेछ, पोहोर साल हाम्रो साथीहरू यहाँ आएर फोटो र भिडियो खिचेर लगेका थिए, त्यो देख्दा आउन मन लागेको थियो । यसपालि आउने मौका मिल्यो । यहाँ आएपछि त स्वर्गमै आएजस्तो भयो,' उनले भने, 'बुर्तिबाङबाट आउने सडक अलि खराब रहेछ, फूलसँग रमाउन त निकै मज्जा आउँदो रहेछ, यस्तो राम्रो ठाउँमा विकास भने हुन सकेको रैनछ ।' *रासस*


**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस फर्म/कम्पनी Balajee NP Pvt. Ltd. ले पैठारी गरेको देहायको मालवस्तुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| S.No. | Description of Goods | Brand | Model No. | Capacity | Country of Origin | Units | Per Unit Price | Per Unit Price |
|---|---|---|---|---|---|---|---|---|
| 1 | AIR CONDITIONER | BALTRA | BAC100SPDEL-INV | 1 TON | CHINA | Pcs | 82,575.00 | 82,575.00 |
| 2 | AIR CONDITIONER | BALTRA | BAC100SPDELWF-INV | 1 TON | CHINA | Pcs | 85,575.00 | 85,575.00 |

बिक्रेता फर्मको नाम: Balajee NP Pvt. Ltd.
ठेगाना: सीतापाईला, नागार्जुन नगरपालिका, काठमाडौं, नेपाल
स्थायी लेखा नं.: ६००६६७७८०
फोन नं.: ९८०१२००५०१

**युएइमा रोजगार** कम्पनी : CRYSTAL BUILDING CLEANING

पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | LT. No. 327142 | चलानी नं.६०२४११२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 130 | 0 | 900 | ३३,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १० गते (26th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1592/079/080
Star Bridge HR Solution Pvt.Ltd.
Samakhusi, Town Planning-26, Ktm. Nepal, Tel. No.: +977-01-5919160, E-mail: starbridgehrsolutan124@gmail.com

**कतार/युएइमा रोजगार** कम्पनी : TARTOOS FOR CONTRACTING & CLEANING CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०८०/११/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/02 | LT. No. 301135 | चलानी नं. ६०२१६१२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 3 | 0 | 1200 | ४५,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ceramic Worker | 2 | 0 | 1200 | ४५,३१० | | | | | | | |
| 3 | General Clean Worker | 14 | 18 | 1000 | ३७,७५५ | | | | | | | |
| 4 | Plaster Worker | 3 | 0 | 1200 | ४५,३१० | | | | | | | |

कम्पनी : POWER RECRUITMENT LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/02 | LT. No. 316315 | चलानी नं. ६०२३०८०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 100 | 0 | 800 | ३०,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १० गते (26th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७

# प्रभाव दैनिक

शनिबार, ०३ साउन, २०८२ (Saturday, July 19, 2025)


रूपशाला

### 'किस्ने कहाँ छ ?' निर्माणको घोषणा

कमेडी जनरामा फिल्म 'किस्ने कहाँ छ ?' बन्ने भएको छ । निर्माण युनिटले फिल्मको एक थिम पोस्टर सार्वजनिक गर्दै निर्माण घोषणा गरेको हो । पोस्टरमा एउटा गाडी हिलो बाटोमा रोकिएर बाटोमा काम गर्दै गरेको मान्छेसँग कुरा गर्दै गरेको देख्न सकिन्छ । फिल्मको कथा, पटकथा र संवाद लेखक विनयराज पौडेलले तयार पारेका हुन् । ग्रीन प्यारोट्स फिल्म प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्म हेमन्त बस्नेतले निर्माण गर्न लागेका हुन् । फिल्मको कार्यकारी निर्माता ईश्वरवल्लभ उप्रेती रहेका छन् । निर्देशक बस्नेतका अनुसार फिल्मको छायांकन छिट्टै सुरू हुनेछ ।



# 'सोलुको मैच्याङ'को म्युजिक भिडियो सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** गायिका देविका बन्दनाको म्युजिक भिडियो 'सोलुको मैच्याङ' सार्वजनिक भएको छ । शुक्रबार आयोजित विशेष कार्यक्रममा वरिष्ठ कलाकारहरू मदनकृष्ण श्रेष्ठ, संगीतकार राजु सिंह, सोलुखुम्बु थुलुङ दूधकोसी गाउँपालिकाका अध्यक्ष असिम राईलगायतको उपस्थितिमा म्युजिक भिडियो प्रिमियर गरिएको हो ।

त्यस अवसरमा गायिका देविका बन्दनाले आफूले सोलुखुम्बुको पर्यटन तथा संस्कृति प्रवर्द्धन गर्ने उद्देश्यले सोलुको मैच्याङ सृजना गरेको बताए । 'केही समयअघि चीन जाँदा सोलुखुम्बुका जनप्रतिनिधिहरूसँग भेट भएको थियो, उहाँहरूसँगको साक्षात्कारबाट त्यहाँको कला, संस्कृति र पर्यटनबाट प्रभावित भएकी थिए, सोही समयमा सोलुखुम्बुका लागि केही गर्नुपर्छ भन्ने लागेको थियो', उनले भने ।

कार्यक्रमका प्रमुख अतिथि थुलुङ गाउँपालिकाका अध्यक्ष असिम राईले म्युजिक भिडियोमा सोलुखुम्बु झल्किएको उल्लेख गर्दै म्युजिक भिडियो तयार पारेकोमा गायिका देविका बन्दनाप्रति आभार व्यक्त गरे । 'गीतमा व्यक्त भएका शब्द मर्मस्पर्शी छन्, समग्र जिल्लाको प्रचारप्रसार हुने गरी पुनः छायांकन गर्ने हो भने हाम्रो गाउँपालिकाले खर्च बेहोर्ने छ, यसबाट जिल्लाको पर्यटन र संस्कृति प्रवर्द्धन हुन्छ भन्ने मलाई विश्वास छ', उनले भने ।

वरिष्ठ कलाकार तथा विशिष्ट अतिथि मदनकृष्ण श्रेष्ठले क्यान्सरजस्तो रोगलाई जितेर फेरि कलाकारितामा सक्रिय भएकी कलाकार देविका बन्दनाप्रति आभार व्यक्त गर्दै गीतको सफलताको शुभकामना दिए ।

उक्त गीतको शब्द देविका बन्दनाले रचना गरेको हो भने गायनमा देविकालाई सोही गीतका संगीतकार तथा एरेन्जर किरण कँडेलले साथ दिएका छन् । कमल राईको निर्देशन रहेको म्युजिक भिडियोमा सत्यकला लामा, फुर्बा ग्याल्बो मोक्तान 'थुप्तेन' र विशाल गुरुङले मोडलिङ गरेका छन् । उक्त गीत देविका बन्दना नामक युट्युब च्यानलमा हेर्न सकिन्छ ।

कलाकारहरू सत्यकला लामा, फुर्बा ग्याल्बो मोक्तान 'थुप्तेन' र विशाल गुरुङ, किरण कँडेललगायतले गीतबारे चर्चा गरेका छन् । उनीहरूले गीतमार्फत सोलुको पर्यटन तथा संस्कृतिको प्रचारप्रसारमा थप सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

त्यस अवसरमा गायिका देविका बन्दनाले म्युजिक मिडियो छायांकन भएको कदम्पा गुम्बाका प्रतिनिधिलाई आर्थिक सहयोग उपलब्ध गराइन् । हाल उक्त गुम्बामा करिब सात सय बालबालिका अध्ययनरत छन् ।

गायिका बन्दनाले हालसम्म १०० भन्दाबढी चलचित्रमा गीत गाइसकेकी छिन् । उनका 'भरे आउँछु सपनीमा...', 'यस्तै रहेछ यहाँको चलन...', 'तल तल तल तल बेँसीमा मैच्याङ...', 'मास्टर साहेब सिकाइदेऊ पिरती...', 'अच्छा लेकिन लण्डनको चिसोले समाउला...' लगायतका गीत सयौँ चर्चित गीत छन् ।

# ट्रेलरमा चलचित्र 'रियाल रिंगेट'



■ प्रभाव संवाददाता

**काठमाडौं–** यही साउन १६ गतेदेखि प्रदर्शनमा आउने चलचित्र 'रियाल रिङ्गेट'को अफिसियल ट्रेलर सार्वजनिक गरिएको छ ।

साउन सङ्क्रान्तिको अवसर पार्दै बिहीबार सार्वजनिक गरिएको ट्रेलरमा नेपाली युवाहरूले अपनाउन बाध्य वैदेशिक रोजगारी र रोजगारीको सिलसिलामा भोग्नुपरेका विभिन्न कठिनाइ समेटिएको छ ।

ट्रेलरका केही दृश्यहरू दिल चस्काउने प्रकारका छन् । ती दृश्यले आतङ्कवादीको सामूहिक बन्दी बनाइएका तथा कब्जामा परेका नेपाली कामदारहरूको झल्को दिन्छन् भने चलचित्रका अभिनेता प्रमोद चौलागाईंले कब्जामा रहेकै बेला नेपालमा पठाएको भिडियो सन्देश पनि देख्न सकिन्छ ।

निर्देशक विभोर पोखरेल फिल्म हरेक नेपालीको कथा भएको बत्ताउँछन् । उनले फिल्मले वैदेशिक रोजगारीमा गएका नेपाली युवायुवतीहरूले भोग्नुपर्ने यथार्थ र उनीहरूको जीवनशैलीलाई नजिकबाट चित्रण गरेको सुनाए ।

फिल्ममा प्रमोद चौलागाईं र निता ढुङ्गानाका साथै छुल्ठिम डोल्मा गुरुङ, रवीन्द्र खड्का, ध्रुव कोइराला, प्रेम सुब्बा, रामचन्द्र अधिकारी, रियर राई, रोशन श्रेष्ठ, ईश्वरी बराल, विमला गिरी लगायतका कलाकारहरूको अभिनय छ ।

प्रदीप भारद्वाजले लेखन गरेको फिल्ममा रोशन श्रेष्ठको द्वन्द्व, हरि घलेको छायाङ्कन, विपिन मल्लको सम्पादन, राजीव समरको कोरियोग्राफी छ ।भारतको राजस्थान, नेपालका चितवन, काठमाडौं र लेटाङमा छायाङ्कन गरिएको फिल्म काफिया फिल्म्सले वितरण गर्दैछ ।



# कुशल मल्लसहित २० क्रिकेटर प्रशिक्षणका लागि भारत जाने



■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी ट्वान्टी-२० विश्वकप छनोटको स्वरूप नेपाली क्रिकेट टोली दोस्रो चरणको प्रशिक्षण शिविरका लागि भारत जाने भएको छ ।

आगामी जुलाई २१ देखि अगस्ट ३ सम्म बेङ्लुरुस्थित नेसनल क्रिकेट एकेडेमीमा प्रशिक्षण शिविर आयोजना गरिने नेपाल क्रिकेट संघ (क्यान) ले जनाएको छ । उक्त शिविरका लागि नेपालस्थित भारतीय दूतावासले समन्वय र भारतीय क्रिकेट बोर्ड (बिसिसीआइ) ले सहयोग गरेका छन् ।

यस प्रशिक्षण शिविरमा हाल बन्द प्रशिक्षणमा रहेका ३२ मध्ये २० खेलाडी सहभागी हुनेछन्। बाँकी खेलाडीले भने नेपालमै नियमित बन्द प्रशिक्षण जारी राख्नेछन् । सन्दीप लामिछाने, करण केसी, सोमपाल कामी, ललितनारायण राजवंशी जस्ता खेलाडी भने भारत जाने छैनन् ।

**प्रशिक्षण शिविरमा सहभागी हुने खेलाडी**

रोहितकुमार पौडेल, कुशल भुर्तेल, आसिफ शेख, लोकेश बम, अनिलकुमार साह, भीम सार्की, आरिफ शेख, दीपेन्द्रसिंह ऐरी, कुशल मल्ल, रूपेशकुमार सिंह, विवेककुमार यादव, रिजन ढकाल, प्रतिश जिसी, नन्दन यादव, युवराज खत्री, साहब आलम, सन्दिप जोरा, सागर ढकाल, आकाश चन्द र शुभ कंसाकार

# विश्वकप खेल्न नेपाली टोली भारत जाँदै

■ प्रभाव संवाददाता



**काठमाडौं–** दोस्रो महिला कबडी विश्वकपमा सहभागी हुन नेपाली टोली शनिबार भारतको हरियाणा जाने भएको छ ।

टोली १४ खेलाडीसहित १८ सदस्यीय रहेको छ । प्रतियोगिता अगष्ट ३ देखि १० तारिखसम्म हरियाणाको मोरमाजरामा हुनेछ ।

खेलाडीमा मानमति विष्ट (कप्तान), जयन्ती बडु (उप-कप्तान), मेनुकाकुमारी राजवंशी, रविना चौधरी, मिना नेपाली, गंगा घिमिरे, आशिका कुँवर, श्रृजनाकुमारी थारु, श्रृजना धानुक, मनीषा जोशी, उरुषा शाक्य, आस्मा यादव, विनिता पण्डित क्षेत्री र सन्जु थामी रहेका छन् ।

प्रशिक्षकमा विष्णुदत्त भट्ट, सहायक प्रशिक्षकमा हरिना थापा, व्यवस्थापकमा शरद दर्शनधारी र निर्णायकमा रमेशचन्द्र ओझा छन् । प्रतियोगिताअघि नेपाली टोलीले मोरमाजरामै १२ दिनको अवधिमा प्रशिक्षणका साथै स्थानिय ५ क्लबसंग अभ्यास खेल पनि खेल्ने छ ।

एसियाका ४७ राष्ट्र मध्येबाट विश्व वरीयतामा तेश्रो स्थानमा रहेको नेपाल पनि छनोट हुँदै प्रतियोगितामा सहभागी हुन लागेको हो । प्रतियोगितामा नेपालसहित भारत, युगान्डा, जर्मनी, चाइनिज ताइपेइ, होल्यान्ड, जन्जिबार, इरान, जापान, पोल्यान्ड, केन्या, अर्जेन्टिना र थाइल्यान्ड सहभागी हुने छन् ।

विश्वकपको दोश्रो संस्करण १३ वर्षपछि हुन लागेको हो। पहिलो संस्करण सन् २०१२ मा भारतको पटनामा भएको थियो । टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ, अखिल नेपाल कबडी संघकी अध्यक्ष तुलसी थापा र राष्ट्रिय टिम तयारीका निर्देशक दीपक विष्टले शुक्रबार एक कार्यक्रमबीच बिदाइ गरे ।

**यू-१६ युथ लिग**

# फ्रेन्ड्ससँग जावलाखेल पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** फ्रेन्ड्स क्लबले एन्फा यु-१६ युथ लिगमा शुक्रबार जावलाखेल युथ क्लबविरुद्ध ३-१ को जित दर्ता गरेको छ । जितसँगै ६ खेलमा १३ अंक जोडेको फ्रेन्ड्स तेस्रो स्थानमा उक्लिएको छ । पराजित जावलाखेल समान खेलबाट सात अंकका साथ सातौं स्थानमा छ ।

सातदोबाटोस्थित एन्फा मुख्यालय मैदानमा फ्रेन्ड्सलाई जित दिलाउन आर्यनकाजी थापा, पूर्ण श्रेष्ठ र मन्दीप ढुंगेलले गोल गरे । जावलाखेलका लागि सुमित वाइबाले गोल फर्काए ।

खेलको ३३औं मिनेटमा आर्यनको गोलमार्फत फ्रेन्ड्सले अग्रता लिएको थियो । पाँच मिनेटपछि नै पूर्णले टोलीको अग्रता दोब्बर बनाए ।

मन्दीपले ७०औं मिनेटमा गोल गर्दा फ्रेन्ड्स ३-० ले अगाडि बढ्यो । सुमितले ८१औं मिनेटमा गरेको गोल जावलाखेलका लागि सात्वना बन्यो ।

शुक्रबारै सम्पन्न खेलमा मछिन्द्र फुटबल क्लब र चर्च ब्वाइज युनाइटेडले १-१ को बराबरी खेल्दै अंक बाँडे ।

**काभा च्याम्पियन्स लिग**

# हेल्प नेपालको विजयी सुरूआत

■ प्रभाव संवाददाता



**काठमाडौं–** काभा च्याम्पियन्स लिगमा हेल्प नेपाल स्पोर्टस क्लबले विजयी सुरुवात गरेको छ । हेल्प नेपालले आफ्नो पहिलो खेलमा घरेलु टिम माल्दिभ्सको दिहिभी सिफाइङगी माथि ३-२ सेटमा रोमान्चक जित हात पारेको हो ।

माल्दिभ्सको मालेमा गएराति यी दुई टिमबीचको खेल प्रतिस्पर्धात्मक बनेको थियो । पहिलो सेट हेल्प नेपालले ३३-३१ ले जितेको थियो । हेल्प नेपाल एक समय २३-२१ अंकले अघि थियो । तर, दिहिभीले पुनरागमन गर्दै लगातार दुई अंक जोडेपछि खेल रोमान्चक बन्यो । सेट पोइन्टमा पुगेको हेल्स नेपाललाई दिहीभीले रोक्यो र खेल लम्बिएको थियो । तर कडा चुनौतीका बीच हेल्प नेपालले सेट आफ्नो पक्षमा पाऱ्यो ।

दोस्रो सेट पनि हेल्प नेपालकै नाममा रह्यो । २५-२० को जितपछि हेल्प नेपाल सोझो सेटमा विजयी हुने हुने अनुमान गरिएको थियो । तर, बाँकी दुई सेटमा दिहिभी खेलमा फर्कियो । तेस्रो सेट हेल्प नेपालले २२-२५ ले गुमायो । चौथो सेटमा पनि लय समात्न नसकेपछि दिहिभीलाइ २०-२५ ले नतिजा सुम्पियो । तर, पाँचौ तथा निर्णायक सेटमा हेल्प नेपालले उत्कृष्ट प्रदर्शन गर्दै १५-८ को जित हात पारेको हो ।



उत्तरपश्चिम चीनको सिनजियाङ उइगुर स्वायत्त क्षेत्रको डुकु राजमार्ग नजिकैको एउटा घाटी भ्रमण गर्दै ऊँटमा सवार पर्यटकहरू ।

तस्विरः सिन्हवा

# जापानमा चामलको मूल्य दोब्बर, प्रधानमन्त्रीमाथि दबाब

**टोकियो–** जापानमा चामलको मूल्य जुनमा गत वर्षको तुलनामा ९९.२ प्रतिशतले बढेको सरकारी तथ्यांकले शुक्रबार देखाएको छ । यसले यो सप्ताहन्त हुने निर्वाचनअघि प्रधानमन्त्री शिगेरु इशिबामाथि थप दबाब सिर्जना गरेको छ ।

इशिबाको प्रशासनको सार्वजनिक समर्थन गत वर्ष पदभार सम्हालेदेखि सबैभन्दा तल्लो स्तरमा खसेको छ । यसको आंशिक कारण जीवनयापनको लागतलाई लिएर भएको निराशा हो । निराशाको एउटा मुख्य स्रोत मुद्रास्फीति र विशेषगरी चामलको बढ्दो मूल्यका साथै सत्ताधारी दलभित्रका घोटालाहरू रहेका छन् ।

चामलको मूल्य पहिले नै मे महिनामा १०१ प्रतिशतले बढेको थियो । यो अप्रिलमा ९८.४ प्रतिशत र मार्चमा ९२.५ प्रतिशतभन्दा बढी बढेको थियो । समग्रमा जापानको मूल मुद्रास्फीति दर गत महिना मेको ३.७ प्रतिशतबाट घटेर ३.३ प्रतिशत भएको गृह मन्त्रालयलको तथ्यांकले देखाएको छ । अस्थिर ताजा खाद्यान्न मूल्यहरूलाई नहेर्ने यो अध्ययन बजारको ३.४ प्रतिशतको अपेक्षाभन्दा थोरै कम थियो ।

ऊर्जा र ताजा खानाबाहेक उपभोक्ता मूल्य ३.४ प्रतिशतले बढेको छ । यो मे महिनामा ३.३ प्रतिशत थियो । आइतबारको निर्वाचनअघि गरिएको जनमत सर्वेक्षणले माथिल्लो सदनमा सत्तारूढ गठबन्धनले आफ्नो बहुमत गुमाउनसक्ने संकेत गरेको छ । यसले इशिबालाई एक वर्षभन्दा कम समयमा राजीनामा दिन बाध्य पार्न सक्छ ।

अक्टोबरमा उनको गठबन्धनले शक्तिशाली तल्लो सदनमा बहुमत गुमाएको थियो । यो सन् १९५५ देखि लगभग निरन्तर जापानमा शासन गर्दै आएको लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) का लागि १५ वर्षयताकै सबैभन्दा खराब निर्वाचन परिणाम थियो ।

## शुल्क दबाब

इशिबा अगस्ट १ मा २५ प्रतिशतको नयाँ भन्सार शुल्क लागू हुनुअघि संयुक्त राज्य अमेरिकासँग व्यापारिक सम्झौता गर्न थप दबाबमा छन् । विश्वको सबैभन्दा ठूलो अर्थतन्त्रमा जापानको महत्त्वपूर्ण अटो आयात पहिले नै स्टिल र एल्युमिनियम जस्तै पीडादायी भन्सार शुल्कको अधीनमा छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प एसियाली पावरहाउससँग ७० अर्ब डलरको व्यापार घाटा कम गर्न जापानी कम्पनीहरूले संयुक्त राज्य अमेरिकामा धेरै उत्पादन गरुन् र टोकियोले ग्यास, तेल, कार र चामलजस्ता धेरै सामान अमेरिकाबाट खरिद गरोस् भन्ने चाहन्छन् । इशिबाले आफ्ना व्यापारिक दूत रियोसेई अकाजावालाई सातपटक वासिङ्टनमा सम्झौताको मध्यस्थता गर्न पठाएका छन् र शुक्रबार अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टको स्वागत गर्ने कार्यक्रममा थिए ।

अकाजावा पनि वार्तामा सामेल हुने र बेसेन्टसँग शनिबार ओसाकामा विश्व एक्सपो हेर्न जाने निर्धारण गरिएको जापानी सरकारले बताएको छ । मुद्रास्फीति बढेका कारण गत वर्षदेखि बैंक अफ जापानले मौद्रिक नीति कडा बनाउँदै आएको छ तर विश्वको चौथो नम्बरको अर्थतन्त्रमा अमेरिकी करको प्रभावको चिन्ताले यसलाई सुस्त दृष्टिकोण अपनाउन बाध्य पारेको छ ।

चामलको बढ्दो मूल्यका कारकहरूमा दुई वर्षअघि अत्यधिक तातो र सुख्खा गर्मीले राष्ट्रव्यापी फसल नोक्सान गरेको कारण हुने अभावहरू समावेश छन् । त्यसबेलादेखि केही व्यापारीहरूले आफ्नो नाफा बढाउनका लागि चामल भण्डारण गरिरहेको विज्ञहरू बताउँछन् । यो समस्या गत वर्ष सम्भावित ‘मेगाक्वेक’ का बारेमा सरकारी चेतावनीले प्रेरित आतंकित खरिदारीले अझ खराब बनाएको थियो । यद्यपि महाभूकम्प आएन ।

सरकारले फेब्रुअरीदेखि आफ्नो आपत्कालीन भण्डार जारी गर्ने दुर्लभ कदम चालेको छ । सरकारले यस्तो कदम सामान्यतया प्रकोपको समयमामात्र चाल्ने गरेको थियो । ‘नीतिगत उलट-पुलट, उत्पादकबाट उपभोक्ता मूल्यहरूमा ढिलो पास-थ्रु, र येनको अवमूल्यनले निकट अवधिमा मूल्य दबाब उच्च राख्नेछ,’ मुडिज एनालिटिक्सका स्टेफान एंग्रिकले भने, ‘नाममात्रको तलब वृद्धि अड्किएसँगै, वास्तविक तलबले चाँडै आवश्यक वृद्धि पाउने छैन । र, अमेरिकी भन्सार शुल्क र भन्सार शुल्क धम्कीहरूले उत्पादन र रोजगारको अवस्थालाई प्रभावित गर्दा तलब वृद्धि सम्भवतः अझ सुस्त हुने छ ।’

उनले भने, ‘यसले बैंक अफ जापानलाई बन्धनमा राख्छ... हामी अपेक्षा गर्छौं कि बैंक अफ जापान अहिलेका लागि होल्डमा बस्ने छ, तर लामो समयसम्म होइन । जनवरीसम्म दर वृद्धि सम्भावित छ र डिसेम्बरमा नै आउन सक्छ ।’ *रासस/एएफपी*

# काश्मीर हमलाका लागि जिम्मेवार समूहलाई आतंकवादी घोषणा

**वासिङ्टन–** संयुक्त राज्य अमेरिकाले बिहीबार काश्मीरमा अप्रिलमा भएको आक्रमणका लागि दोषी ठहराइएको एक रहस्यमय समूहलाई आतंकवादी घोषणा गरेको छ । ती आतंकवादीहरूले गरेको आक्रमणले दशकौंमा भारत र पाकिस्तानबीच सबैभन्दा खराब द्वन्द्वलाई जन्म दिएको थियो ।

विदेशमन्त्री मार्को रुबियोले द रेजिस्टेन्स फ्रन्ट (टिआरएफ) लाई पाकिस्तानमा आधारित संयुक्त राष्ट्रसंघद्वारा नामित आतंकवादी समूह लश्कर-ए-तैयबा (एलइटी) को ‘फ्रन्ट र प्रोक्सी’ का रूपमा वर्णन गरेका छन् । ‘आतंकवादी नामकरणले हाम्रो राष्ट्रिय सुरक्षा हितहरूको रक्षा गर्न, आतंकवादविरुद्ध लड्न र पहलगाम आक्रमणको न्यायका लागि राष्ट्रपति (डोनाल्ड) ट्रम्पको आह्वानलाई कार्यान्वयन गर्न ट्रम्प प्रशासनको प्रतिबद्धता प्रदर्शन गर्छ,’ रुबियोले विज्ञप्तिमा भने ।

विभाजित काश्मीरको भारत प्रशासित क्षेत्रको पर्यटकीय केन्द्र पहलगाममा अप्रिलमा बन्दुकधारीहरूले लगभग सबै हिन्दूसहित २६ जनाको गोली हानी हत्या गरेका थिए । बाँचेका व्यक्तिहरूले पत्रकारहरूलाई बन्दुकधारीहरूले महिला र बच्चाहरूलाई अलग गरेको र केही पुरुषलाई मुस्लिम आस्थाको घोषणा गर्न आदेश दिएको बताए ।

भारतका विदेशमन्त्री सुब्रह्मण्यम जयशंकरले शुक्रबार वासिङ्टनको कार्य ‘भारत-अमेरिका आतंकवाद विरोधी सहयोगको बलियो पुष्टि’ भएको बताएका छन् । पहलगाम आक्रमणको सुरुमा जिम्मेवारी लिएको टिआरएफको बारेमा पहिले थोरै मात्र थाहा थियो । तर हत्यालाई लिएर सार्वजनिक आलोचना बढ्दै जाँदा समूहले आफ्नो दाबी फिर्ता लिएको थियो ।

भारतले टिआरएफलाई आतंकवादी संगठनका रूपमा घोषणा गरेको छ र भारतस्थित अब्जर्भर रिसर्च फाउण्डेसन थिंक टयांकले यसलाई ‘स्मोकस्क्रिन र एलइटीको अफसुट’ भनेको छ । नयाँदिल्लीले पाकिस्तानमाथि आक्रमणलाई समर्थन गरेको आरोप लगाएको छ । उक्त आरोपलाई इस्लामाबादले अस्वीकार गरेको छ । पहलगाम हिंसाले दुई छिमेकीबीच चार दिनसम्म चलेको लडाइँलाई उक्साएको थियो । उक्त लडाइँमा दुवै पक्षका ७० जनाभन्दा बढी मानिस मारिएका थिए । यो सन् १९९९ पछिको सबैभन्दा खराब गतिरोध थियो । *रासस/एएफपी*

# ‘द वाल स्ट्रिट जर्नल’ र मालिक मर्डोकविरुद्ध मुद्दा चलाउने ट्रम्पको चेतावनी

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जेफरी एपस्टाइनलाई लेखेको पत्रका विषयमा ‘द वाल स्ट्रिट जर्नल’ र यसका मालिक रूपर्ट मर्डोकविरुद्ध मुद्दा दायर गर्ने चेतावनी दिएका छन् । सन् २००३ मा एपस्टिनको ५०औं जन्मदिनको नोटसंग्रहमा एक नग्न महिलाको स्केच र ट्रम्पको हस्ताक्षरसहितको पत्र समावेश गरिएको थियो ।

उक्त पत्रिकाले पत्रको पुनरावलोकन गरेको तर फोटो नछापिएको जनाएको छ । ट्रम्पले ट्रुथ सोसल नेटवर्कमा लेखेका छन्, ‘मैले रूपर्ट मर्डोकलाई यो अफवाह हो भनेको र नक्कली सामग्री (फेक स्टोरी) नछाप्न भनेको थिएँ । तर उनले छाप्नुभयो, अब म उहाँको काम र उहाँको ‘न्यून दर्जा’को पत्रिकाविरूद्ध मुद्दा दायर गर्छु ।’

यसअघि वाल स्ट्रिट जर्नलकी प्रधानसम्पादक एम्मा टकरलाई ह्वाइट हाउसकी प्रेससचिव कारोलिन लेभिट र राष्ट्रपति ट्रम्पले उक्त पत्र नक्कली भएको बताएका थिए । रिपब्लिकन राष्ट्रपति ट्रम्पले उक्त समाचारलाई ‘गलत, दुर्भावनापूर्ण र अपमानजनक’ भनेका छन् । पोस्टमा भनिएको छ, ‘राष्ट्रपति ट्रम्पले द वाल स्ट्रिट जर्नल, न्युजकर्प र रूपर्ट मर्डोकविरुद्ध चाँडै मुद्दा दायर गर्नुहुने छ । प्रेसले सत्यवादी हुन सिक्नुपर्छ र सम्भवतः अस्तित्वमा पनि नभएका स्रोतहरूमा भरोसा गर्नु हुँदैन ।’

ट्रम्पले एपस्टिनसँगको आफ्नो विगतको सम्बन्धलाई लिएर पहिले नै कडा आलोचनाको सामना गरेका थिए । उनको प्रशासनले धनी र शक्तिशाली व्यक्तिहरूको रक्षा गर्न एपस्टिनको अपराधको गलत विवरणहरू ढाकछोप गरिरहेको दाबी गरेको छ । संघीय यौन तस्करीको आरोप लगाइएपछि सन् २०१९ मा ट्रम्पको पहिलो कार्यकालमा न्युयोर्कको जेलमा एपस्टाइनले आत्महत्या गरेका थिए ।



वेश्यावृत्तिसम्बन्धी दुई अभियोगमा दोषी स्वीकार गरेपछि उनी फ्लोरिडामा यौन अपराधीको रूपमा दर्ता हुनुपर्ने थियो ।

बिहीबार ट्रम्पले महान्यायाधिवक्ता पाम बोण्डीलाई एपस्टाइन प्रकरणमा ‘ग्राण्ड जुरी’को बयानको प्रतिलिपि जारी गर्न आग्रह गरेका थिए । जर्नलले रिपोर्ट गरेको छ, ‘ट्रम्पले आफूले लेखेको अस्वीकार गरेको उक्त कथित पत्र संग्रहका अन्य पत्रहरूजस्तै डरलाग्दो छ । यसमा टाइप गरिएको पाठका थुप्रै पंक्तिहरू छन्, जसमा मार्करले कोरिएको नांगो स्त्रीको रूपरेखा समावेश गरिएको छ ।’

‘भावी राष्ट्रपतिको हस्ताक्षर कम्मरमुनि कोरिएको ‘डोनाल्ड’ हो, जसले यौनांग वरिपरिका केशको नक्कल गरेको छ,’ जर्नलमा लेखिएको छ । ‘पत्रको अन्तमा भनिएको छ, ‘जन्मदिनको शुभकामना र हरेक दिन अर्को अद्भूत रहस्य हुन सकोस् ।’ ट्रम्पले पत्र लेखेको वा आकृति कोरेको अस्वीकार गर्दै जर्नलसँग भने, ‘यो म होइन । यो नक्कली कुरा हो । म महिलाको चित्र कोर्दिनँ । यो मेरो भाषा र शब्द पनि होइन ।’

न्युजकर्पको ग्लोबल मिडिया कम्पनीलाई नियन्त्रण गर्ने मर्डोक फिफा क्लब विश्वकप फाइनलका लागि आइतबार न्युयोर्क सहरबाहिर मेटलाइफ स्टेडियममा ट्रम्पसँगै थिए । मोर्डकको पत्रिकामा जनवरीमा ह्वाइट हाउसमा फर्केपछि ट्रम्पसँग पहिलोपटक टिभी अन्तर्वार्ता दिने कञ्जरभेटिभ अमेरिकीहरूको लोकप्रिय टिभी न्युज च्यानल फक्स न्युजको पनि स्वामित्व छ । राष्ट्रपति ट्रम्पले वर्षौंदेखि फक्स र यसका प्रस्तोताहरूको नियमित प्रशंसा गर्दै आएका छन् । केहीलाई आफ्नो प्रशासनमा नियुक्त पनि गरेका छन् ।

## एपस्टिन विवाद

ट्रम्पसमर्थित अति दक्षिणपन्थी शुभेच्छुकले लामो समयदेखि एपस्टिन काण्डमा केन्द्रित भएको पाइन्छ । उनले ‘गोप्य ग्राहक सूची’को अस्तित्व रहेको दाबी गर्दै आएका थिए तर उनको हत्या उनको जेलको एक कोठामा घटनालाई ढाकछोप गर्ने उद्देश्यले भएको दाबी गरिएको छ ।

ट्रम्पका समर्थकहरूले जनवरीमा ट्रम्पको राष्ट्रपति कार्यालय फर्किएपछि रिपब्लिकनले आफ्ना प्रश्नहरूको जवाफ दिने अपेक्षा गरेका थिए तर अहिले उनीहरूले नै षडयन्त्रका सिद्धान्तहरू झूटा भएको बताउन थालेका छन् । न्याय विभाग र एफबिआईले यसै महिना सार्वजनिक गरेको मेमोमा एपस्टिनले ‘ग्राहक सूची’ राखेको वा शक्तिशाली व्यक्तिलाई ब्ल्याकमेल गरेको कुनै प्रमाण नभएको बताएको छ ।

उनीहरूले एपस्टिनको जेलमा हत्या भएको भन्ने दाबीलाई पनि अस्वीकार गर्दै उनले आत्महत्या गरेको दाबी गरेका छन् र उनीहरूले अनुसन्धानको बारेमा थप जानकारी जारी नगर्ने बताएका छन् । यदि ग्राण्ड जुरीको सुनुवाइ वा प्रमाणहरू जारी गरियो भने यो परिवर्तन गरी सार्वजनिक हुनसक्ने आशंका ट्रम्पका आलोचकहरूले बताएका छन् । ट्रम्पका एक प्रमुख आलोचककी छोरी एपस्टिनको मुद्दा हेर्ने संघीय अभियोजकलाई अचानक बर्खास्त गरिएको अमेरिकी सञ्चारमाध्यमले बिहीबार जनाएका छन् ।

एफबिआईका पूर्वनिर्देशक जेम्स कोमीका पिता माउरिन कोमीलाई म्यानहट्टनमा सहायक अमेरिकी अटर्नीको पदबाट बर्खास्त गरिएको छ । कोमीले एपस्टिनका एकमात्र पूर्वसहयोगी गिस्लेन म्याक्सवेललाई पनि मुद्दा चलाएका थिए । म्याक्सवेलले सन् २००३ मा एपस्टिनलाई लेखिएका पत्रको पुस्तक तयार पारेका थिए । *रासस/सिन्ह्वा*


**युएइमा रोजगार** कम्पनी : KAKARAYAN CARPENTARY & FLOORING CONTRACTING L.L.C S.O.C

पूर्व स्वीकृति मिति : २०८२/04/02 | LT. No. 327278 | चलानी नं.६०२४११५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Steel Fixer | 6 | 0 | 1200 | ४३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Carpenter | 5 | 0 | 1200 | ४३,८९५ | | | | | | | |

कम्पनी : ARABIAN GULF FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति : २०८२/04/02 | LT. No. 321105 | चलानी नं. ६०२२४११६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 30 | 0 | 1000 | ३७,४८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १० गते (26th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1657/080/81

AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED

Old Baneshwor-9, Bhimsengola, Kathmandu, Landline No : 01-4586367, 4586366, Mob: 9810003423/970-4414954

E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com



**कुवेतमा रोजगार** कम्पनी : DISNEY KIDS SALONS COMPANY FOR CHILDREN

पूर्व स्वीकृति मिति : २०८०/०८/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/02 | LT. No. 295495 | चलानी नं. ६०२१०४९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser/nail Technician/beau/barber/manicure/p | 0 | 8 | 150 | ६७,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन ६ गते (22nd July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

Govt. License No. 1352/074/075



**युएईमा रोजगार** कम्पनी : T MAX ON DEMAND LABORS SUPPLY

पूर्व स्वीकृति मिति : २०८०/१०/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/04/02 | LT. No. 297990 | चलानी नं. ६०२०३२३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner/messenger | 0 | 100 | 800 | २९,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Messenger/general Helper/male Cleaner | 200 | 0 | 800 | २९,८८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १० गते (26th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gulf Jobs Hunts Manpower Pvt. Ltd. (PAS INTERNATIONAL PVT. LTD.)

Tokha-10, Samakhushi, Kathmandu, Tel: +977-1-4981422, 4981322

Email: gulfjobshuntsnepal@gmail.com, www.gulfjobshunts.com.np

LIC No. 872/066/67



**युएइमा रोजगार** कम्पनी : MUBASHIR ASHRAF TECHNICAL SERVICES CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८२/03/01 | LT. No. 327259 | चलानी नं. ६०२४११२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 18 | 0 | 1000 | ३७,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : M ASLAM TECHNICAL SERVICES

पूर्व स्वीकृति मिति : २०८२/03/01 | LT. No. 327260 | चलानी नं. ६०२४११३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1500 | ५६,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 8 | 0 | 1000 | ३७,३५५ | | | | | | | |
| 3 | Plumber | 4 | 0 | 1500 | ५६,०३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १० गते (26th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३०/०७४/०७५

Career Development Human Resource Pvt. Ltd.

Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, 9823299967, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com



**युएइमा रोजगार** कम्पनी : A AND B HORIZONS FACILITIES MANAGEMENT SERVICES- L.L.C

पूर्व स्वीकृति मिति : २०८२/03/02 | LT. No. 327076 | चलानी नं. ६०२४११४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason(Plaster/block/brick/tile Fixe | 21 | 0 | 1500 | ५६,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 0 | 2 | 1500 | ५६,०३५ | | | | | | | |
| 3 | Shuttering Carpenter | 6 | 0 | 1500 | ५६,०३५ | | | | | | | |
| 4 | Steal Fixer | 4 | 0 | 1500 | ५६,०३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १० गते (26th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1331/074/75

KALIKA HUMAN RESOURCE PVT LTD

Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281

Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np



**युएइमा रोजगार** कम्पनी : INNOVATION DIRECT EMPLOYMENT SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/02 | LT. No. 318732 | चलानी नं. ६०२४११६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cook general/kitchen helper | 50 | 0 | 1100 | ४१,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | WORKER FACTOR | 150 | 0 | 1100 | ४१,२३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान र मितिः

1. KATHMANDU, Kathmandu Metropolitian City, Sky Star Recruitment Pvt. Ltd. २०८२ साउन १० गते (26th July 2025) मा हुनेछ ।
2. JHAPA, Birtamod Municipality, Center Point Party palace २०८२ साउन ११ गते (27th July 2025) मा हुनेछ ।
3. SUNSARI, Itahari Sub-Metropolitian City, Sunsari Multiple Training center २०८२ साउन १२ गते (28th July 2025) मा हुनेछ ।
4. KATHMANDU, Kathmandu Metropolitian City, Sky Star Recruitment Pvt. Ltd. २०८२ साउन १३ गते (29th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1078/073/74

SKY STAR RECRUITMENT PVT LTD

Sukedhara- 4, Kathmandu, Nepal, T: 01-5902344 / 5902346

Email:- sky.starlabourdept@gmail.com, Web: www.skystarrecruitment.com



**युएइमा रोजगार** कम्पनी : CHOIS NEXUS PROPERTY CARE

पूर्व स्वीकृति मिति : २०८२/03/02 | LT. No. 326994 | चलानी नं. ६०२४११४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 4 | 0 | 1000 | ३७,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १० गते (26th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.१६१५/०७९/०८०

Leaders International Recruitment Agency Pvt. Ltd

Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748, Email: leadersnepal1615@gmail.com


काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १९२३०० | प्रति तोला - ० | प्रति तोला - २२६५ |



**पर्यटकीय ढोरपाटन** | नेपालकै एकमात्र सिकार आरक्ष क्षेत्र अन्तरगत पर्ने ढोरपाटन नगरपालिका-९ स्थित ढोरपाटन उपत्यकामा चर्दै गरेका घोडा। यतिबेला रंगीचंगी फुलेका फूलसँगै हरियाली बनेको समथर मैदानले आन्तरिक तथा बाह्य पर्यटकको ध्यान खिचेको छ।

*तस्बिर : खेमराज गौतम/रासस*

सरकारको आय-व्यय

# बजेट खर्च १५ खर्ब २३ अर्ब, आम्दानी १२ खर्ब १९ अर्ब

■ प्रभाव संवाददाता

**काठमाडौं-** गत आर्थिक वर्ष २०८१/८२ मा सरकारको आम्दानी र खर्च दुवै कमजोर देखिएको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार वार्षिक लक्ष्यको तुलनामा सरकारको आय ८२ र व्यय ८१ प्रतिशतमा खुम्चिएको हो। गत आवका लागि सरकारले रू १८ खर्ब ६० अर्ब ३० करोड ३० लाखको बजेट ल्याएको थियो। असार समान्तसम्ममा रू १५ खर्ब २३ अर्ब १० करोड ६८ लाख खर्च भएको छ। जुन वार्षिक लक्ष्यको ८१ दशमलव ८७ प्रतिशत बराबर हो।

चालु शीर्षकमा गत आवका लागि रू ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख विनियोजन भएकोमा ८५ दशमलव ९५ प्रतिशत अर्थात् रू नौ खर्ब ८० अर्ब २८ करोड २१ लाख खर्च भएको छ। त्यस्तै, पुँजीगत शीर्षकमा रू तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख विनियोजन भएकोमा ६३ दशमलव दुई प्रतिशत अर्थात् रू दुई खर्ब २२ अर्ब ६८ करोड २३ लाख खर्च भएको छ।

वित्तीय व्यवस्थापन शीर्षकमा रू तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख विनियोजन भएकोमा ८७ दशमलव १४ प्रतिशत अर्थात् रू तीन खर्ब २० अर्ब चार करोड २४ लाख बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ।

सरकारको आम्दानी पनि लक्ष्यभन्दा निकै कम छ। गत आवका लागि रू १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख प्राप्ति हुने लक्ष्य राखेको सरकारले ८२ दशमलव ८८ प्रतिशत अर्थात् रू १२ खर्ब १९ अर्ब ७१ करोड ८६ लाख बराबर मात्रै असुली गरेको छ। यसरी सरकारको आम्दानी र खर्चको अवस्था तुलना गर्दा आयभन्दा रू तीन खर्ब तीन अर्ब ३८ करोड बढी व्यय भएको छ।

राजस्व संकलनतर्फ गत आवका लागि राखिएको रू १४ खर्ब १९ अर्ब ३० करोड ३० लाख बराबरको लक्ष्यमा ८३ दशमलव ०६ प्रतिशत मात्रै प्रगति भएको छ। सरकारले रू ११ खर्ब ७८ अर्ब ८२ करोड बराबर मात्रै राजस्व उठाउन सकेको हो। जसमध्ये कर राजस्व वार्षिक लक्ष्यको ८१ दशमलव ७५ प्रतिशत अर्थात् रू १० खर्ब ४९ अर्ब ८७ करोड ५४ लाख र गैरकर राजस्व ९५ दशमलव ४५ प्रतिशत अर्थात् रू एक खर्ब २८ अर्ब ९४ करोड बराबर मात्रै संकलन भएको महालेखा नियन्त्रक कार्यालयको तथ्यांकबाट देखिन्छ।

त्यस्तै, वैदेशिक अनुदान प्राप्तिमा ४४ दशमलव ९७ प्रतिशत मात्रै प्रगति देखिएको छ। गत आवका लागि रू ५२ अर्ब ३२ करोड ६५ लाख वैदेशिक अनुदान लिने लक्ष्य राखेको सरकारले लक्ष्यको आधा भन्दा कम अर्थात् रू २३ अर्ब ५२ करोड ८७ लाख बराबर मात्रै उठाउन सकेको हो।

यसरी आय-व्ययको अवस्था हेर्दा सरकारले दुई पटक लक्ष्य संशोधन गर्दा पनि हासिल गर्न नसकेको देखिएको छ। मध्यावधि समीक्षामार्फत गत माघमा पहिलोपटक र चालु आर्थिक वर्ष २०८२/८३ को बजेट ल्याउँदै गर्दा गत जेठमा सरकारले दोस्रोपटक आय-व्ययको अनुमान घटाएको थियो। सरकारको गत जेठको अनुमानअनुसार गत आवमा सुरुवाती वार्षिक विनियोजनको ८९ दशमलव चार प्रतिशत अर्थात् १६ खर्ब ६२ अर्ब ३७ करोड बजेट खर्च हुने ठानिएको थियो। जबकि वास्तविक खर्च डेढ महिना अगाडिको लक्ष्यभन्दा करिब रू एक खर्ब ४० खर्बले खुम्चिएको छ।

सुरुवाती विनियोजनको अनुपातमा चालु खर्चतर्फ ८८ दशमलव पाँच, पुँजीगततर्फ ८४ दशमलव चार र वित्तीय व्यवस्थातर्फ ९७ दशमलव छ प्रतिशत रहने संशोधित अनुमान सरकारको गत जेठमा गरेको थियो। त्यस्तै, राजस्व परिचालन रू १२ खर्ब ६७ अर्ब ३९ करोड रहने दोस्रोपटकको अनुमान थियो।

# 'नेपाल भित्रिने वस्तुमा नेपाल गुणस्तर अनिवार्य बनाइनुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं-** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपालमा आयात हुने सबै वस्तुमा 'नेपाल गुणस्तर (एनएस)'को प्रमाणपत्र अनिवार्य बनाइनुपर्ने बताएका छन्।

नेपाल गुणस्तर परिषद्को ११५औं बैठकमा मन्त्री भण्डारीले नेपालबाहेक अन्य देशले आफ्नो मुलुकमा वस्तु आयात गर्दा आफ्नो देशको नियमअनुसार गुणस्तर अनिवार्य गरी बाह्य वस्तुको आयातमा कडाइ गर्ने गरेकाले नेपालमा आयात हुने सबै वस्तुमा 'नेपाल गुणस्तर'को प्रमाणपत्र अनिवार्य गर्नुपर्ने उल्लेख गरे।

'नेपालले पनि उपभोक्ता हितलाई ध्यानमा राख्दै नेपाली बजारमा आउने वस्तुहरूमा 'नेपाल गुणस्तर (एनएस)' अनिवार्य लागू हुनेगरी अविलम्ब कार्यप्रारम्भ गर्नुपर्ने भएको छ', उनले भने, 'नेपालमा दैनिक उपभोग्यदेखि औद्योगिक प्रयोजनका सामान विदेशबाट आयात भइरहेका छन्। तीमध्ये कतिपय वस्तु गुणस्तरहीन हुँदा त्यसको प्रत्यक्ष असर आमउपभोक्ताको स्वास्थ्यमा पर्नुका साथै सुरक्षा र आर्थिक हानि देखिएको छ। त्यसैले अब नेपाल आउने वस्तुमा अनिवार्य रूपमा नेपाल गुणस्तर लागू गरिनु अत्यावश्यक छ।'

न्यून गुणस्तरका वस्तु नेपाल भित्रिनु उपभोक्तामाथि अन्याय हुने बताउँदै मन्त्री भण्डारीले यस्तो कार्यले दीर्घकालमा राष्ट्रिय अर्थतन्त्रमा समेत नकारात्मक असर पार्ने उल्लेख गरे। नेपाल गुणस्तर परिषद्अन्तर्गत उपभोक्ताको हितका लागि प्रभावकारी नीति निर्माण तथा गुणस्तर अनुगमन प्रणाली बलियो बनाउने विषयमा मन्त्रालयले प्राथमिकता दिइरहेको उनले जानकारी दिए।

नेपालमा उत्पादन हुने वस्तुमा कसरी 'नेपाल गुणस्तर चिह्न' प्रदान गर्ने, गुणस्तर मापनका मापदण्ड सुधार गर्ने, बजार अनुगमनलाई प्रभावकारी बनाउने तथा गुणस्तरहीन वस्तुको आयातमा कसरी नियन्त्रण गर्ने भन्ने विषयमा बैठकमा छलफल भएको थियो।

# ऊर्जा दक्षता उपाय अपनाउने उद्योगलाई अनुदान

**काठमाडौं (प्रस)-** राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले ऊर्जा दक्षता उपायहरू अपनाउने १० उद्योगलाई आर्थिक अनुदान वितरण गरेको छ। बैंकको काठमाडौंस्थित कार्यालयमा आज आयोजना गरिएको कार्यक्रममा ऊर्जा 'अडिट'मार्फत पहिचान गरिएका प्रमुख ऊर्जा बचतका उपायहरू कार्यान्वयन गरेपछि पहिलो चरणमा १० वटा उद्योगलाई करिब रु दुई करोड ९० लाख बराबरको अनुदान प्रदान गरिएको थियो।

यस्ता उपायहरूबाट दीर्घकालीन रूपमा वार्षिक झन्डै ३६ हजार ७८८ मेगावाट घण्टा ऊर्जा बचत हुने अपेक्षा गरिएको छ, जसले नेपालको जलवायु प्रतिबद्धता तथा दिगो औद्योगिक विकासमा पनि योगदान पुर्‍याउनेछ। यो अनुदान कार्यक्रम नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रम-नेपालमा दिगो ऊर्जामार्फत पुनः प्राप्ति एवं सशक्तिकरण परियोजनाअन्तर्गत सञ्चालित छ। परियोजना युरोपेली संघ र जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालय (बिएमजेड) को सह-आर्थिक सहयोगमा सञ्चालन भइरहेको हो। यस कार्यक्रमले उच्च ऊर्जा बचत सम्भावना भएका उद्योगहरूलाई ऊर्जा दक्ष अभ्यासहरू अवलम्बन गर्न प्रोत्साहन गर्दै आइरहेको छ।

कार्यक्रमअन्तर्गत स्थानीय ऊर्जा अडिटरद्वारा सिफारिस गरिएका उपायहरूको कार्यान्वयनका लागि लगानी लागतको आंशिक हिस्सा अनुदानस्वरूप प्रदान गरिन्छ। यो परियोजनाले ऊर्जा दक्षता, मर्यादित श्रम अभ्यास तथा वातावरणीय मापदण्डको पालना सुनिश्चित गर्न प्राथमिकता दिँदै आएको छ।

# प्रभु हेलिकप्टर १०औं वर्षमा, आइपिओ जारी गर्दै

■ प्रभाव संवाददाता



**काठमाडौं-** प्रभु हेलिकप्टरले आफ्नो उडान सेवालाई थप गुणस्तरीय र प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको छ। आफ्नो स्थापनाको १०औं वर्षमा प्रवेश गरेको अवसरमा कम्पनीले सुरक्षित र यात्रुमैत्री सेवा प्रवाहलाई बलियो बनाउने जनाएको छ।

वार्षिकोत्सवको अवसरमा प्रभु हेलि लिमिटेडका अध्यक्ष सुभाष अमात्यले पछिल्लो एक दशकमा प्राप्त साथ र सहयोगप्रति सम्पूर्णमा आभार व्यक्त गर्दै आगामी दिनमा थप गुणस्तरीय सेवा दिने प्रतिबद्धता व्यक्त गरे। एक दशकअघि तत्कालीन मुक्तिनाथ हेलिकप्टरका नामबाट सञ्चालित कम्पनीलाई प्रभु ग्रुपले २०७२ सालमा सम्पूर्ण शेयर खरिद गरी प्रभु हेलिकप्टरका नामबाट सञ्चालनमा ल्याएको हो।

'नेपालको विविध र चुनौतीपूर्ण भौगोलिक अवस्थामा सुरक्षित, भरपर्दो र प्रभावकारी हवाई यातायात सेवामा प्रतिबद्ध भई निरन्तर लागेका छौं, आगामी दिनमा पनि यात्रु तथा सेवाग्राहीबाट यही किसिमको माया र विश्वास पाउने अपेक्षा गर्दछौं', कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

प्रभु हेलिकप्टरले विशेष गरी मुलुकको पर्यटन क्षेत्रका साथै आकस्मिक उद्धार, सामग्री ढुवानीलगायतका क्षेत्रमा काम गरिरहेको छ। सुरुआती चरणमा एउटा रोबिन्सन हेलिकप्टरबाट व्यावसायिक यात्रा सुरु गरेको प्रभुले हाल दुई एयरबस एच १२५ मार्फत उडान सेवा प्रवाह गरिरहेको छ। कम्पनीले हाल पोखरा, काठमाडौं र लाङटाङमा हेलिकप्टर टुर तथा साइटसिङ सेवा उपलब्ध गराइरहेको छ भने मुक्तिनाथ, गोसाइकुण्ड, कालीञ्चोक भगवती र लुम्बिनीमा पनि हेलिकप्टर टुर उपलब्ध गराउँदै आएको छ। साथै सगरमाथा, अन्नपूर्ण र माछापुछ्रे हिमालको आधार शिविरमा पनि हवाई उडान गर्नुका साथै उद्धारलगायतका सेवा उपलब्ध गराउँदै आएको छ।

सुरुमा कम्पनी ऐन, २०६३ अन्तर्गत एक निजी लिमिटेड कम्पनीको रूपमा समावेश गरिएको प्रभु हेलिकोप्टर प्रालि २०७९ असार ३० गतेदेखि पब्लिक लिमिटेड कम्पनीमा रूपान्तरण भएको हो। कम्पनीसँग पोखरामा आफ्नै ह्याङ्गर सुविधा उपलब्ध छ।

प्रभु हेलिकप्टर लिमिटेडले सर्वसाधारणका लागि आइपिओ निष्कासनको तयारी गरेको छ। कम्पनीका अनुसार आइपिओ जारी गर्नका लागि आइपिओ बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटललाई नियुक्त गरिसकेको छ।

हेटौंडा सिमेन्टको समस्या समाधानमा

# पहल गर्ने दाहालको प्रतिबद्धता



**काठमाडौं (प्रस)-** नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले हेटौंडा सिमेन्ट उद्योगका समस्या समाधान गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। शुक्रबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा हेटौंडा सिमेन्ट उद्योग लिमिटेडमा सक्रिय संयुक्त ट्रेड युनियनका प्रतिनिधिको ध्यानाकर्षण पत्र बुझ्दै उनले उद्योगका समस्या समाधानका लागि आफ्नो तर्फबाट सक्दो प्रयास गर्ने बताए।

अध्यक्ष दाहालले आफू सरकारको नेतृत्वमा रहेका बेला घाटामा गएका र रुग्ण उद्योग सञ्चालनमा ल्याउन पटकपटक छलफल गरेको स्मरण गर्दै हेटौंडा सिमेन्ट उद्योगमा देखिएका समस्या समाधान गर्न र ट्रेड युनियनका माग सम्बोधन गर्न प्रतिपक्षी दलको नेताको हैसियतले आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरे।

उनले सरकारी उद्योग, कलकारखानाको पुनःसंरचना र सुधारका निम्ति माओवादी केन्द्रले चासो र पहल लिँदै आएको भन्दै श्रमिक वर्ग र देशको हितमा हुने काममा आफू सधैं साथमा रहने विश्वास दिलाए। ध्यानाकर्षण पत्रमा उद्योग सञ्चालनमा लापरबाही भएको, कर्मचारीका माग बेवास्ता गरिएको र उपभोक्ताको हितविपरीत क्रियाकलाप भइरहेकाले यस्ता गतिविधि रोक्न तथा उद्योगका समस्या समाधानका लागि पहल गरिदिन आग्रह गरिएको छ। टोलीमा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवं मकवानपुर जिल्ला इन्चार्ज विजय गौतमलगायत ट्रेड यनियनका नेताहरू सहभागी थिए।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ